मजदुर विज्ञापन शाखा
नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

विज्ञापनको लागि सूचना

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

भाइबर नं. : ९७४४४२४४६५

Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९

★ वर्ष : २८ ★ अङ्क : ९४ ★ ने. सं. ११४६ वछला थ्व, एकादशी ★ सोमबार ★ १४ वैशाख, २०८३ ★ April 27, 2026, Monday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

# इरानले दबाबमा परेर वार्ता गर्ने छैनः इरानी राष्ट्रपति



तेहरान, १३ वैशाख (एएफपी) । इरानका राष्ट्रपति मसूद पेजेश्कियानले आफ्नो देशले दबाब, धम्की र घेराबन्दीको वातावरणमा कुनै पनि प्रकारको वार्ता नगर्ने बताउनुभएको छ ।

उहाँले अमेरिकी प्रतिबन्ध र आक्रमणको चेतावनीप्रति सङ्केत गर्दै पाकिस्तानका प्रधानमन्त्री शहबाज शरीफसँगको फोनवार्तामा भन्नुभयो, "दबाब, धम्की र घेराबन्दीको वातावरणमा कुनै पनि प्रकारको वार्ता हुन सक्दैन ।"

कुराकानीका क्रममा उहाँले अमेरिकाले लगातार सम्झौताको उल्लङ्घन गरिरहेको र वार्ता र युद्धविरामको क्रममा दबाबको नीति अपनाइरहेको आरोप लगाउनुभयो ।

अमेरिकाले लगाएको समुद्री प्रतिबन्ध अन्तर्राष्ट्रिय सम्झौता र संयुक्त राष्ट्रसङ्घको बडापत्रको उल्लङ्घन भएको र यस्ता कार्य र धम्कीपूर्ण भनाइले शान्ति प्रक्रियामाथिको विश्वासलाई कमजोर पार्ने इरानका राष्ट्रपति पेजेश्कियानले बताउनुभयो ।

पेजेश्कियानले इरान आफ्नो राष्ट्रिय सुरक्षाको रक्षा गर्न पूर्ण प्रतिबद्ध रहेको र अमेरिका वा इजरायलको कुनै पनि नयाँ टकरावको अवस्थाले क्षेत्रीय र विश्वव्यापी स्थिरतालाई असर गर्ने गम्भीर परिणाम हुन सक्ने बताउनुभयो ।

उहाँले इरानले आफ्ना छिमेकी देशहरूसँग राम्रो सम्बन्ध र आपसी सम्मानका आधारमा सम्बन्ध बलियो बनाउन चाहेको पनि बताउनुभयो । यी देशहरूले बाह्य हस्तक्षेपबाट टाढा रहेर क्षेत्रीय शान्ति र सुरक्षालाई बलियो बनाउन सहयोग गर्ने विश्वास उहाँले व्यक्त गर्नुभयो ।

**मध्यपूर्व द्वन्द्वका कारण ऊर्जा सङ्कट गहिरिँदै, अमेरिकी अर्थतन्त्र प्रभावित**

अमेरिकी केन्द्रीय बैङ्क फेडरल 'रिजर्भ' ले आगामी बैठकमा ब्याजदर यथावत राख्ने सम्भावना उच्च देखिएको छ, जसलाई विश्लेषकहरूले हालको आर्थिक र भूराजनीतिक अवस्थासँग जोडेर हेरेका छन् । अहिले ब्याजदर ३.५० प्रतिशत देखि ३.७५ प्रतिशत को दायरामा छ र यसलाई परिवर्तन नगरी कायम राख्ने अपेक्षा गरिएको छ । यसको मुख्य कारण मध्यपूर्वमा जारी युद्ध हो, जसले विश्वव्यापी तेल आपूर्तिमा असर पारेको छ । विशेषगरी इन्धन र ऊर्जा मूल्य बढ्दा अमेरिकामा उत्पादन लागत, यातायात खर्च र दैनिक उपभोग्य वस्तुको मूल्यसमेत वृद्धि भएको छ, जसले मुद्रास्फीतिमा थप दबाब सिर्जना गरेको छ ।

हाल अमेरिकामा मुद्रास्फीति ३.३ प्रतिशत पुगेको छ, जुन पछिल्ला करिब दुई वर्षको उच्च स्तर मानिन्छ । फेडरल रिजर्भको मुख्य उद्देश्य मूल्य स्थिरता कायम राख्नु र रोजगारी बजारलाई सन्तुलनमा राख्नु हो । तर अहिलेको अवस्थामा यी दुई लक्ष्यबीच सन्तुलन मिलाउन कठिन भइरहेको छ, किनकि एकातिर महँगी नियन्त्रण गर्न कडा मौद्रिक नीति आवश्यक छ भने अर्कोतर्फ आर्थिक वृद्धि र रोजगारीलाई असर नपर्ने गरी नीति बनाउनुपर्ने दबाब छ ।

विशेषज्ञहरूका अनुसार ऊर्जा सङ्कटले मात्र होइन, आपूर्ति शृङ्खलामा आएको अवरोधले पनि महँगीलाई निरन्तर उच्च राख्न मद्दत गरिरहेको छ । यसले उपभोक्ता खर्च घटाउने सम्भावना बढाएको छ र व्यवसायहरूमा लागत दबाब थपेको छ । यही कारणले फेडले तत्काल ब्याजदर घटाउने सम्भावना कम देखिएको हो ।

फेडका अधिकारीहरू पनि अहिलेको अवस्थामा 'पर्ख र हेर' रणनीति अपनाइरहेका छन्, किनकि युद्धको प्रभाव अझै पूर्ण रूपमा स्पष्ट भएको छैन । केही नीति निर्माताहरूले दीर्घकालीन महँगी जोखिम बढ्ने चेतावनी दिएका छन्, जसले भविष्यमा ब्याजदर कटौतीको सम्भावनालाई पनि कमजोर बनाएको छ ।

साथै, फेडको निर्णय राजनीतिक दबाबबीच पनि आउँदै छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले ब्याजदर घटाउन निरन्तर दबाब दिइरहेका छन् भने फेडको स्वतन्त्रता र नेतृत्व

*बाँकी पृष्ठ ८ मा*

## व्यङ्ग्यचित्र कुनो




# जाँचबुझ आयोगमा सरोकारवालाहरूको बयानको सार सङ्क्षेप – ११

**प्रहरी प्रभाग कपनका कार्यालय प्रमुख प्रहरी निरीक्षक योगराज सुवेदी :**

भदौ २३ गते आफू कार्यालयमा नै रहेको र सो दिनको अवस्था सामान्य रहेको थियो । भदौ २४ गते दिउँसो १:३० बजेतिर भिड चारैतर्फबाट बढ्दै गएर एकाएक प्रहरीमाथि ढुङ्गामुढा र पेट्रोल बम प्रहार गर्दै कार्यालय परिसरमा आगजनी र तोडफोड हुन थाल्यो । अश्रुग्याँसबाहेक अन्य बल प्रयोग नगर्नू भन्ने भिक्टोर कन्ट्रोलबाट निर्देशन आएकोले आफू र सम्पूर्ण कर्मचारीलाई हातहतियारसहित सुरक्षित राख्न कार्यालय छाडेर सुरक्षित स्थानतर्फ गइसकेपछि प्रदर्शनकारीहरूले कार्यालयमा आगजनी र तोडफोड गरे ।

जेनजी आन्दोलनमा पहिचान हुन नसकेका हुलिया र समूहका भिड देखिएकोले केही प्रकारको घुसपैठ भएको आभाष हुन्छ ।

**नेपाल प्रहरी, केन्द्रीय विशेष कार्यदलको तर्फबाट सङ्घीय संसद् भवन नयाँ बानेश्वरमा कमान्डरको रूपमा कार्यरत प्रहरी निरीक्षक समुन्नत अधिकारी :**

भदौ २४ गते दिनको अन्दाजी १२:३५ बजेदेखि संसद् भवन वरिपरि हजारौँको सङ्ख्यामा उपस्थितमध्ये केहीले दक्षिण गेट नजिकै रहेको मेरो निवास कोठा लक्षित गरी पेट्रोल बम फालेर आगजनी गरे । स्थिति नियन्त्रण बाहिर गएको थियो । संसद् भवन प्रवेश गरेकाहरूले आगजनी तथा तोडफोड गर्न लागेको देखेपछि मैले प्रत्यक्ष अप्रेसन कमान्डरसँग सम्पर्क गरी बल प्रयोगको आदेश लिएर हाम्रो टोलीले अश्रुग्याँस र हवाई फायरसम्म गरेको हो । नेपाल प्रहरीको अन्य टोली वा सशस्त्र प्रहरीको टोलीबाट गोली प्रहार भएको हुन सक्छ । प्रदर्शनकारीहरूको टाउको, घाँटी, छातीमा गोली कसरी लाग्यो भन्ने विषयमा मलाई जानकारी छैन र STF टोलीबाट त्यस्तो कार्य भएको छैन ।

भदौ २४ गते संसद् भवन आइपुग्न सम्भव भएन । संसद् भवनभित्रको High-post हरू २३ गते नै भत्काइएकोले ड्युटी खटाउन नसकिने अवस्था थियो । १३:४५ बजेतिर प्रहरीबाट लुटिएका हातहतियार बोकेका ठुलो भिड संसद् भवन छिरेर ४० हजार लिटर डिजेल ट्याङ्क, ब्यारेक, मेस, कोत, क्यान्टिन, सीसीटीभी कक्ष, Walk-through gate र सुरक्षाकर्मीहरूको व्यक्तिगत सामान जलाई नष्ट पारियो ।

नेपाली सेना पहिलो दिन (भदौ २३) कर्फ्युपछि खटिएको र दोस्रो दिन ( भदौ २४) भने रातिदेखि नै भित्रै रहेको सेना संसद् भवनमा प्रदर्शनकारी घुस्दा कुनै प्रतिक्रिया नदिई १४:३० बजेतिर हतियार-सामग्रीसहित बाहिरिएका हुन् । त्यसैगरी, सशस्त्र प्रहरीले समेत उक्त प्रदर्शनको क्रममा उल्लेख्य भूमिका खेल्न सकेन ।

**प्रहरी प्रभाग वलम्बुका कार्यालय प्रमुख प्रहरी निरीक्षक लक्ष्मी खड्का**

भदौ २३ गते अवस्था सामान्य रह्यो । भदौ २४ गते १२ बजेसम्म अवस्था सामान्य नै थियो ।

*बाँकी पृष्ठ ८ मा*

# १७ औँ सहिद स्मृति कप ब्याडमिन्टन प्रतियोगिता सम्पन्न



काठमाडौँ, १३ वैशाख । युवा खेलकुद समूह कीर्तिपुरद्वारा आयोजित १७ औँ सहिद स्मृति कप काठमाडौँ क्षेत्र नं. १० स्तरीय ब्याडमिन्टन प्रतियोगिता आइतबार सम्पन्न भयो ।

प्रतियोगितामा चन्द्रागिरी नगरपालिकाका अमृत थापा र आदित्य विकको जोडीले कीर्तिपुर नगरपालिकाका दिप्रिशमुनी बज्राचार्य र रोमन महर्जनको जोडीलाई २१-१७, २१-१८ को सोझो सेटमा पराजित गरी क्षेत्रीय च्याम्पियन बनेको हो । दिप्रिश र रोमन द्वितीय र चन्द्रागिरीकै रमेश महर्जन र आयुष श्रेष्ठको जोडी र प्रमोद महर्जन र लक्ष्मण महर्जनको जोडी तृतीय भएका छन् ।

वर्ष खेलाडी २०८२ कीर्तिपुरका दिप्रिशमुनि बज्रचार्य घोषित गरियो ।

विजयी खेलाडीहरूलाई नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं वागमती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाई र कीर्तिपुर ब्याडमिन्टन क्लवका सचिव विष्णु महर्जनले ट्रफी, मेडल, प्रमाणपत्र र नगद पुरस्कार प्रदान गर्नुभएको थियो ।

कार्यक्रममा अतिथि गोसाईंले खेलाडीहरू इमानदार, अनुशासित र मित्रतापूर्ण खेल प्रदर्शन गर्न शुभकामना दिनुभयो ।

उहाँले खेलाडीहरू समाज र देशको राम्रो र सक्षम आत्मनिर्भर देश बनाउन सहयोग गर्नुपर्ने आजको आवश्यकता रहेको बताउनुभयो ।

उहाँले विध्वंश गर्ने, तोडफोड गर्ने कार्यको विरोध गर्नुपर्ने र त्यस्तो क्रियाकलापमा लाग्न नहुने बताउनुभयो ।

आयोजक समूहका अध्यक्ष नारायण महर्जनले कीर्तिपुरबाट सहिद बन्नुभएका सहिदहरूको स्मृतिमा कार्यक्रम गरी सहिदको योगदानको स्मरण गरिरहेको बताउनुभयो । कार्यक्रम प्रतियोगिताका संयोजक मधुकर श्रेष्ठको सभापतित्वमा भएको थियो ।



प्रमुख सुनिल प्रजापतिले आइतबार विद्यालयहरू सञ्चालन सम्बन्धमा विद्यालय अनुगमन गर्नुभएको छ । भनपाका नवीन आधारभूत विद्यालय, बालसेवक आधारभूत विद्यालय र चण्डेश्वरी आधारभूत विद्यालयमा अनुगमनको क्रममा सो दिन विद्यालयहरू पूर्ण रूपमा सञ्चालनमा रहेको सम्बन्धित प्र.अ.हरूबाट जानकारी प्राप्त गर्नुभएको छ । *तस्बिर : मजदुर दैनिक*

# फलामखानीको थप अनुसन्धान गरिँदै

काठमाडौँ, १३ वैशाख । खानी तथा भूगर्भ विभागले नवलपरासी (बर्दघाट सुस्ता पूर्व) हुप्सेकोट गाउँपालिका-५ स्थित धौवादीमा करिब दस करोड मेट्रिकटन फलामको कच्चा पदार्थ (धाउ) रहेको प्रक्षेपण गरेको छ ।

विभागका विज्ञले विभिन्न चरणमा गरेको अध्ययन तथा अनुसन्धानबाट स्थानीय नाम्जाकोटदेखि धौबादी क्षेत्रसम्म फैलिएको करिब १० किलोमिटर भूभागमा फलामको 'विलेड' पाइएको हो ।

फलामको व्यावसायिक उत्पादन गर्ने उद्देश्यले 'धौवादी फलाम कम्पनी लिमिटेड' स्थापना गरिएको छ । कम्पनीले फलाम भण्डारको थप अनुसन्धान गरिरहेको जनाएको छ ।

करिब ४१ वर्गकिलोमिटर क्षेत्रफलमा फैलिएको उक्त फलाम खानीबाट ६० वर्षसम्म दैनिक एक हजार ५०० टन फलाम उत्पादन गर्ने क्षमता रहेको कम्पनीका निर्देशक शैलेशकुमार थापाले जानकारी दिनुभयो । उक्त परियोजनाबाट वार्षिक पाँच लाख टन फलामजन्य वस्तु उत्पादन गर्न सकिने भन्दै उहाँले त्यसले देशको मागको करिब २५ प्रतिशत आयात प्रतिस्थापन गर्ने बताउनुभयो ।

हाल खानी सञ्चालनपछि वातावरणमा पर्ने असरबारे पर्यावरणीय प्रभाव मूल्याङ्कन भइरहेको निर्देशक थापाले बताउनुभयो । विस्तृत परियोजना रिपोर्टको काम छिट्टै सुरु हुने पनि उहाँले जानकारी दिनुभयो ।

हाल खानीसम्म पुग्नका लागि पूर्वाधार तथा सडकको स्तरोन्नति भइरहेको छ । खानी सञ्चालनले स्टिल उद्योग विकास तथा ठुलो सङ्ख्यामा रोजगारी सिर्जना हुने र फलामको आयात अपेक्षा गरिएको छ । कार्यालयका अर्का निर्देशक दिलिपकुमार झाले खानी सञ्चालन भएका स्वदेशी पुँजी स्वदेशमै परिचालन भएर राष्ट्रको समृद्धि हासिल गर्न सघाउ पुग्ने बताउनुभयो । ***रासस***

# पश्चिमी वायुको प्रभावले देशका विभिन्न भागमा बदली केही स्थानमा वर्षा र हिमपातको पूर्वानुमान

काठमाडौँ, १३ वैशाख । पश्चिमी र स्थानीय वायुको आंशिक प्रभावका कारण देशका विभिन्न स्थानमा बदली भएको छ । हाल कोसी, मधेश, वाग्मती, गण्डकी र लुम्बिनी प्रदेशलगायत देशका हिमाली तथा पहाडी भागमा साधारणतया बदली भएको छ भने सुदूरपश्चिम प्रदेशका तराई भेगमा मुख्यतया मौसम सफा रहेको छ । कोसी, गण्डकी र लुम्बिनी प्रदेशका केही तथा वाग्मती प्रदेशका एकदुई स्थानमा मध्यम वर्षा तथा हिमपात भइरहेको छ ।

जल तथा मौसम पूर्वानुमान महाशाखाका अनुसार आज दिउँसो कोसी, मधेश, वाग्मती र गण्डकी प्रदेशलगायत हिमाली तथा पहाडी भागमा साधारणतया बदली रहने तथा बाँकी भागमा आंशिक बदली रहनेछ ।

कोसी, वाग्मती र गण्डकी प्रदेशका केही स्थानहरूमा तथा मधेशसहित लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी तथा हिमाली भागका केही स्थानमा मेघगर्जन तथा चट्याङसहित मध्यम वर्षा तथा हिमपातको सम्भावना छ । साथै लुम्बिनी प्रदेशको तराई भागका एकदुई स्थानमा पनि वर्षा हुन सक्नेछ । लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराईमा तापक्रम बढ्ने सम्भावना छ ।

त्यसैगरी, आज राति देशका हिमाली तथा पहाडी भागमा साधारणतया बदली तथा तराई भेगमा आंशिक बदली रहनेछ । कोसी, मधेश, वाग्मती र गण्डकी प्रदेशलगायत लुम्बिनी, कर्णाली तथा सुदूरपश्चिम प्रदेशका हिमाली भागका केही स्थानमा हल्का वर्षा तथा हिमपातको सम्भावना छ ।

साथै देशका अधिकांश स्थानमा तापक्रम क्रमश: बढ्दै जाने देखिएको छ । लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराई, उपत्यका तथा खोँचमा तापक्रम बढ्ने महाशाखाको पूर्वानुमान छ । ती भेगका सर्वसाधारणलाई महाशाखाले सतर्कता अपनाउन अनुरोध गरेको छ । ***रासस***

# सहकारी सञ्चालकको अंशबन्डापछि सारिएको सम्पत्तिसमेत लिलाम हुने

काठमाडौँ, १३ वैशाख (सेतोपाटी) । 'समस्याग्रस्त सहकारी संस्थाका सदस्यको बचत फिर्ता चक्रीय कोष स्थापना तथा सञ्चालनसम्बन्धी कार्यविधि, २०८३' राजपत्रमा वैशाख १० गते प्रकाशित भएसँगै लागु भएको छ ।

सरकारले पहिलो चरणमा साना बचतकर्ताहरूको रकम फिर्ता गर्ने तयारी गरिरहेको हो ।

यस कार्यविधि अनुसार समस्याग्रस्त घोषणा भएका सहकारी संस्थामा पाँच लाख रूपैयाँसम्म बचत रकम मौज्दात रहेका बचतकर्तालाई साना बचतकर्ता भनिएको छ ।

सहकारी मन्त्रालयबाट समस्याग्रस्त घोषणा भएका सहकारीका बचतकर्ताको रकम फिर्ता गर्न चक्रीय कोष बनाइने व्यवस्था कार्यविधिले गरेको छ ।

यस्तो कोषमा सरकारबाट प्राप्त हुने रकम, समस्याग्रस्त भएका सहकारीको सञ्चालक, लेखा समिति व्यवस्थापक, ऋण उपसमितिलगायत अख्तियारप्राप्त तथा सहकारीको रकम अपचलनमा जिम्मेवार व्यक्तिहरूको सम्पत्ति बिक्रीबाट असुल भएको रकम रहने उल्लेख छ ।

त्यस्तै, यस्तो कोषमा सहकारीबाट सोधभर्ना फिर्ता रकम र अन्य रकम पनि हुने उल्लेख गरिएको छ ।

यस्ता सम्पत्ति बिक्रीबाट बचतकर्ताको रकम फिर्ता गर्न नपुग हुने भएमा त्यस्ता परिवारको कुनै सदस्यले अंशबन्डा गरी वा सम्बन्ध बिच्छेद गरी अन्य कुनै कारणबाट सम्पत्ति हस्तान्तरण वा कम्पनीहरूमा लगानी गरेको भए पनि त्यस्तो सम्पत्तिसमेत रोक्का तथा लिलाम बिक्री गर्न सकिने व्यवस्था गरिएको छ ।

समस्याग्रस्त सहकारी संस्थाबाट शोधभर्ना वा असुल हुन नसकेमा संस्थाका सञ्चालक, व्यवस्थापक, निजहरूको एकाघर परिवारका सदस्यहरू र अपचलन वा दुरूपयोगमा संलग्न व्यक्तिहरूबाट सरकारी बाँकीसरह दामासाहीले असुल उपर गरिने उल्लेख गरिएको छ ।

# मुस्ताङको जोमसोममा लेक लागेर भारतीय पर्यटकको मृत्यु

मुस्ताङ, १३ वैशाख । मुस्ताङको जोमसोममा लेक लागेर एक जना भारतीय पर्यटकको मृत्यु भएको छ । भारतस्थित तमिलनाडु राज्यका ६३ वर्षीय भानु मट्ठीको आइतबार जोमसोममा लेक लागेर मृत्यु भएको छ ।

भारतबाट भानु मट्ठीसहित २४ जनाको टोली मुक्तिनाथ दर्शनका लागि जोमसोम आइपुगेको थियो । मुस्ताङको घरपझोङ गाउँपालिका-४ जोमसोमस्थित होटल प्राइड अगाडि गाडीबाट ओर्लिने क्रममा मट्ठीलाई लेक लागेर अचानक श्वासप्रश्वासमा समस्या देखिएको जिल्ला प्रहरी कार्यालय मुस्ताङले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी ईश्वर महतका अनुसार श्वासप्रश्वासमा समस्या देखिएपछि भारतीय पर्यटक मट्ठीलाई तत्काल उपचारका लागि प्रादेशिक अस्पताल जोमसोम पुऱ्याएको थियो । अस्पताल पुऱ्याउँदा चिकित्सकले उहाँलाई मृत घोषणा गरेको उहाँले जानकारी दिनुभयो ।

योसँगै मुस्ताङमा चालु आवको भदौदेखि हालसम्म पाँच विदेशी पर्यटकसहित आठ जनाको हाइअल्टिच्युडका कारण लेक लागेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मुस्ताङले जनाएको छ । प्रहरीको तथ्याङ्कअनुसार भारतीय पर्यटक चार, मेक्सिकोका एक र तीन जना नेपाली पर्यटकको लेक लागेर मृत्यु भएको हो ।

# अन्तर्राष्ट्रिय चेर्नोबिल विपद् स्मरण दिवस : चालीस वर्षपछि पनि असर कायम

काठमाडौँ, १३ वैशाख । आइतबार अन्तर्राष्ट्रिय चेर्नोबिल विपद् स्मरण दिवस हो । संयुक्त राष्ट्रसङ्घको महासभाले सन् २०१६ डिसेम्बर ८ मा एक प्रस्ताव पारित गर्दै प्रत्येक वर्ष अप्रिल २६ लाई यस दिवसका रूपमा मनाउने घोषणा गरेको हो ।

सन् २०१७ देखि यो दिवस नियमित रूपमा मनाउन थालिएको हो । चेर्नोबिल आणविक दुर्घटना भएको यो ४० औँ वर्ष हो ।

युक्रेनस्थित चेर्नोबिल आणविक विद्युत् केन्द्रमा भएको विस्फोटपछि रेडियोधर्मी बादल सोभियत सङ्घका विशाल भू-भागमा फैलिएको थियो । ती हाल बेलारुस, युक्रेन र रुसी महासङ्घका क्षेत्रहरूमा पर्दछन् । उक्त दुर्घटनाबाट ती तीन देशका ८४ लाख मानिस विकिरणको प्रभावमा परेका थिए ।

संयुक्त राष्ट्रसङ्घका अनुसार चेर्नोबिल दुर्घटनापछि तीन दशक बितिसक्दा पनि दीर्घकालीन गम्भीर असर रहेको र प्रभावित समुदायले अझै सहयोगको आवश्यकता महसुस गरिरहेको छ ।

चेर्नोबिल दुर्घटनापछि संयुक्त राष्ट्रसङ्घ, बेलारुस, रुसी महासङ्घ र युक्रेन सरकारहरूले प्रभावित क्षेत्रको पुन:स्थापना तथा विकासका प्रयासहरू अघि बढाउँदै आएका छन् । प्रारम्भिक मानवीय सहयोगपछि प्रभावित क्षेत्रलाई सुरक्षित बनाउने, विकिरणको जोखिम घटाउने, प्रभावितलाई स्वास्थ्य सेवा उपलब्ध गराउने र स्वास्थ्य असरबारे निरन्तर अध्ययन हुँदै आएका छन् । ***रासस***

# बाह्र दिनमा चार सय २२ विपद्का घटना

काठमाडौँ, १३ वैशाख । वैशाख महिना लागेपछि मात्रै देशभर ४२२ विपद्का घटना भएका छन् । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार वैशाख १ देखि १२ गतेसम्म देशभर भएका विपद्मा परेर २३ जनाको निधन भएको छ भने विपद्मा परेर ७३ घाइते भएका छन् ।

प्राधिकरणका अनुसार सो अवधिमा आगलागीमा २१७, चट्याङ १४, हुरीबतासका २९ र लेक लागेर तीन घटना भएका छन् । त्यस्तै, डुङ्गा पल्टेर एक, डढेलो ११४, सर्पदंश २०, जनावर आक्रमण १६, पहिरो, भारी वर्षा, बाढी र असिनाका समान दुई-दुईवटा घटना घटेका छन् ।

विपद्मा परेर सो अवधिमा मात्रै ५२७ घटना घटेका छन् । यस्तै, यही वैशाख ११ गते बिहानदेखि वैशाख १२ गते बिहानसम्म २४ घण्टामा मात्रै ३२ वटा विपद्का घटना भएका छन् । कुल २७ जिल्ला विपद्का कारण प्रभावित भएका छन् । ***रासस***

# अझै फर्केनन् भिमफेदी कारागारबाट फरार १३३ कैदीबन्दी

वाग्मती, १३ वैशाख । मकवानपुरको भिमफेदीस्थित क्षेत्रीय कारागारबाट फरार भएकामध्ये १३३ कैदीबन्दी अझै कारागार फर्किएका छैनन् । जेनजी आन्दोलनका क्रममा गत भदौ २४ गते राति कारागारको पर्खाल भत्काएर फरार भएका ४४० कैदीबन्दीमध्ये शनिबारसम्म २९४ कैदीबन्दी मात्र कारागार फर्किएका छन् ।

कारागारका प्रमुख सुवास पौडेलका अनुसार भिमफेदी कारागारबाट भागेकामध्ये हालसम्म २९४ जना र अन्य कारागारबाट फरार ७६ कैदीबन्दी कारागार फर्किएका छन् । फरार भएका ३९ विदेशी कैदीबन्दीमध्ये १३ मात्र कारागार फर्किएका छन् । अन्य कारागारबाट फरार भई भिमफेदी कारागार फर्किएकामध्ये ५० जनालाई सम्बन्धित कारागारमा स्थानान्तरण गरिएको र २२ जना भिमफेदी कारागारमा रहेका प्रमुख पौडेलले बताउनुभयो ।

गत भदौ २४ गते राति १:०० बजेतिर भिमफेदी कारागारको तीनवटा गेट फुटाई पश्चिमतर्फको पर्खाल भत्काएर (क) ब्लकबाट २६० र (ख) ब्लकबाट १८० कैदीबन्दी फरार भएका थिए । फरार कैदीबन्दीको खोजीका क्रममा सुरक्षाकर्मीले विभिन्न स्थानबाट कैदीबन्दीलाई नियन्त्रणमा लिई कारागारमा बुझाएको प्रमुख पौडेलले बताउनुभयो । कारागारबाट भागेका फरार कैदीबन्दीको खोजी तीव्र पारिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायब उपरीक्षक पुष्कर बोगटीले बताउनुभयो । ***रासस***

हार्दिक समवेदना



जन्म
२०१२/१०/१०
निधन
२०८२/०९/२९

यस समितिका सदस्य आशाकाजी बनमालाकी ममतामयी माता **अष्टमाया बनमाला**को दु:खद निधन भएकोमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**नेपाल मजदुर किसान पार्टी**
भ.न.पा.-७, वडा पार्टी समिति

## सङ्क्षिप्त समाचार

## सालीनदीमा प्रहरी र शङ्कास्पद लागुऔषध कारोबारीबिच झडप

काठमाडौँ, १३ वैशाख । एक जना शङ्कास्पद लागुपदार्थ कारोबारीले सालीनदीमा प्रहरी टोलीमाथि आक्रमण गरेको छ । शङ्खरापुर नगरपालिका–५ सालीनदी किनारबाट एकथान पेस्तोल, त्यसमा प्रयोग हुने एउटा 'म्याग्जिन' तीन 'राउण्ड' गोलीसहित दुई जनालाई पक्राउ गरेको छ ।

केन्द्रीय प्रहरी समाचारकक्षका अनुसार मकवानपुरको बकैया गाउँपालिका–३ का ३५ वर्षीय राम भन्ने जीवन जिम्बा र सिन्धुपाल्चोकको मेलम्ची नगरपालिका–१ का ३४ वर्षीय वीरबहादुर तामाङलाई शुक्रबार पक्राउ गरिएको हो । उक्त स्थानमा लागूऔषधको कारोबार भइरहेको सूचनाका आधारमा लागुऔषध नियन्त्रण ब्यूरोबाट परिचालन भएको प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो ।

साथै उनीहरूलाई नियन्त्रणमा लिने क्रममा जीवनले प्रहरीलाई लक्षित गरी गोली प्रहार गरेपश्चात् प्रहरीले जवाफी 'फायर' गर्दा घाइते भएका निजको सुस्मा कोइराला मेमोरियल अस्पतालमा उपचार भइरहेको छ । प्रहरीले हाल फरार अन्य दुई जनाको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ । ***रासस***

## छैटौँ दुगुनागढी–लिस्तिकोट 'माउन्टेन ट्रेल रेस' आगामी सोमबार

काठमाडौँ, १३ वैशाख । साहसिक खेल प्रवर्द्धन तथा नेपाली सेनाको इतिहासबारे भावी पुस्तालाई जानकारी दिने उद्देश्यले यही वैशाख २१ गते दुगुनागढी–लिस्तीकोट 'माउन्टेन ट्रेल रेस' आयोजना हुने भएको छ ।

सिन्धुपाल्चोकको भोटेकोसी गाउँपालिको सहयोग तथा नेपाली सेनाको इन्द्रध्वज गणको समन्वयमा २४.५ किलोमिटर दौड आयोजना हुन लागेको सैनिक जनसम्पर्क निर्देशनालयले जनाएको छ ।

सन् १८५५ मा नेपाल र तिब्बतबिच युद्ध हुँदा नेपाली सेनाका शेर, कालीप्रसाद र गोरखनाथ गणले हाल चीनको स्वशासित क्षेत्रको कुती जाने बाटोमा रहेको लिस्ती देवीको दर्शन गरेर राशनपानी, आवास र सुरक्षाका निम्ति दुगुनागढी निर्माण गरेका थिए । उक्त युद्धमा नेपाल विजयी भएको थियो ।

सिन्धुपाल्चोक जिल्लाका ऐतिहासिक महत्त्वका यी स्थानको प्रचारप्रसार गरी पर्यटन प्रवर्द्धन गर्न प्रतियोगिता आयोजना गरिएको जनाइएको छ ।

प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनेलाई क्रमशः नगद पुरस्कार रु. एक लाख १० हजार, ७५ र ५५ हजार प्रदान गरिनेछ । ***रासस***

## बुटवलमा पनि सरकारी जग्गामा बनेका घरटहरा हटाउन थालियो

लुम्बिनी १३, वैशाख । बुटवल उपमहानगरपालिका–४ स्थित उच्च अदालत तुलसीपुर बुटवल इजलास अगाडिको सरकारी जग्गामा बनेका घरटहरा हटाउन सुरु भएको छ ।

तत्कालीन लुम्बिनी अञ्चलाधीश कार्यालयको नाममा स्रेस्ता कायम रहेको सरकारी जग्गा अञ्चलाधीश कार्यालय खारेज भएपछि सरकारको निर्णयअनुसार उच्च अदालत तुलसीपुर बुटवल इजलासलाई भोगाधिकार दिइएको थियो ।

साबिक वडा नम्बर ६ हाल वडा नम्बर ४ अन्तर्गत पर्ने साविक कित्ता नम्बर ३९६ (हाल कित्ता नम्बर ७,८,१२,६१,१३ र ४) को करिब २ बिघा ५ कट्ठा १४ धुर क्षेत्रफलमा निर्माण गरिएका घरटहरा हटाउन थालिएको हो ।

बुटवल उपमहानगरपालिकाले शनिबार साँझ माइकिङ गरेर सूचना जारी गर्दै सरकारी जग्गामा बनेका संरचना हटाउन निर्देशन दिएको थियो ।

उक्त क्षेत्रमा बुटवल बार एशोसिएसन, प्रदेश प्रमुखको कार्यालयलगायत विभिन्न सङ्घसंस्थाका संरचना पनि रहेकाले ती संरचना सोही कित्तामा पर्छन् वा पर्दैनन् भन्नेबारेमा अनुसन्धान भइरहेको वडा नम्बर ४ का वडाध्यक्ष नरिश्वर शर्मा पौडेलले राससलाई जानकारी दिनुभयो ।

बाह्र वर्षअघि पनि उक्त जग्गा खाली गराउने प्रयास भएको थियो । सो क्षेत्रमा निर्माण गरिएका अधिकांशमा टहरा चिया पसल तथा रेष्टुरेन्टका सञ्चालनमा छन् । ***रासस***

## दुई हजार चार सय बयानब्बे जना ट्राफिक कारबाहीमा

काठमाडौँ, १३ वैशाख । बितेका २४ घण्टामा दुई हजार चार सय बयानब्बे सवारी चालक सवारी नियम उल्लङ्घनको कारबाहीमा परेका छन् । यसबाट राज्यकोषमा रु. पाँच लाख चार हजार राजस्व दाखिला भएको छ ।

काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार मादक पदार्थ सेवन गरेको ६८, नियमविपरीत 'राइड सेयरिङ' गरेका २७५, ट्राफिक सङ्केत उल्लङ्घनकर्ता १४५ र तीव्र गतिमा सवारीसँधन हुइँक्याएका १८३ जनालाई कारबाही गरिएको हो ।

यसैगरी, 'लेन' अनुशासन पालना नगर्ने ९६, निषेधित क्षेत्रमा हर्न बजाउने ७५, निर्धारित स्थानामा यात्री चढाउने र ओराल्ने नियम उल्लङ्घनकर्ता ५९ र अन्य सवारी नियम पालना नगरेका एक हजार ४१३ जनालाई कारबाही गरिएको हो । ***रासस***



**गण्डक नहरका अतिक्रमित संरचना हटाइँदै**

नारायणी सिँचाइ तथा व्यवस्थापन कार्यालयले आइतबार गण्डक नहरको डिलमा अतिक्रमित गरेर निर्माण गरिएका घर,टहरालगायतका संरचना एक्साभेटर लगाएर हटाउँदै । नेपाल प्रहरी, सशस्त्र प्रहरी बललगायतका सुरक्षा निकायको समन्वयमा सो काम गरिएको हो । *तस्बिर : हिमाल लम्साल/रासस*

# खुला नाकाबाट सोझै वीरगन्ज भित्रिन्छ भारतीय तरकारी

वीरगन्ज (पर्सा), १३ वैशाख । सीमावर्ती भारतीय बजार रक्सौलबाट लुकीछिपी वीरगन्जमा क्वारेन्टिन जाँच नगरिएका ताजा तरकारी भित्रिने गरेका छन् । वीरगन्जको सीमावर्ती बजार रक्सौलबाट पर्सा र बारा जिल्लासँग जोडिएका खुला सीमानाकाको फाइदा उठाउँदै दैनिक साइकलमार्फत ताजा तरकारी भित्रिने गरेको छ । यहाँ दैनिक 'क्यारिङ' गर्ने साइकल चालकले ताजा तरकारी र फलफूल वीरगन्ज ल्याउने गर्छन् ।

पर्सा र बारासँग सीमा जोडिएको बाराको विश्रामपुर गाउँपालिका, वीरगन्ज महानगरको नगवा, इनर्वालगायत खुला नाकाको फाइदा उठाउँदै साइकल चालकले दैनिक तरकारी तथा फलफूल भित्र्याउने गरेका छन् । उपभोक्ता हित संरक्षण मञ्चका केन्द्रीय सदस्य अजित भुजेलले खुला सीमानाकाबाट क्वारेन्टिन जाँचबिनै भित्रिने तरकारी तथा फलफूलले जनस्वास्थ्यमा असर पार्ने भएकाले पनि नियन्त्रणमा लिनुपर्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, "खुला सीमानाकाको फाइदा उठाउँदै विभिन्न समूहले छपकैया, इनरुवा, विश्रामपुरलगायत स्थानबाट साइकलमार्फत दैनिक ठुलो मात्रामा तरकारी भित्र्याउने गरेका छन् । स्थानीय प्रशासन र सशस्त्र प्रहरीले त्यसमा ध्यान दिन जरुरी छ ।"

वीरगन्जमा दैनिक साइकल चालकले बिहान सबेरैदेखि प्रतिसाइकलमा क्वारेन्टिन जाँचबिनै भारतीय तरकारी भित्र्याउने गरेका छन् । स्थानीय प्रशासन तथा सीमाक्षेत्रमा खटिएको सशस्त्र प्रहरीले कारबाही प्रक्रिया अघि बढाउन सकेका छैनन् । प्रमुख जिल्ला अधिकारी भोला दाहालले भन्सार प्रक्रिया पूरा गरेर क्वारेन्टिन जाँचमा योग्य भएका भएका तरकारी तथा फलफूलमात्र भित्र्याउन पाइने बताउनुभयो । उहाँले भन्नुभयो, "क्वारेन्टिन जाँचबिनै ताजा तरकारी तथा फलफूल ल्याउन पाइँदैन । कोही कसैले ल्याएका रैछन् भने आवश्यक अनुगमन गरेर नियन्त्रणमा लिइनेछ ।"

सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ गण हेडक्वाटर गणपति तथा सशस्त्र प्रहरी उपरीक्षक मोहनबहादुर क्षेत्रीले पर्साको सीमा क्षेत्रबाट भन्दा पनि बाराको विश्रामपुर गाउँपालिकासँग जोडिएको सीमावर्ती क्षेत्रबाट क्वारेन्टिन जाँचबिनै तरकारी भित्रिएर वीरगन्ज बजारमा पुग्ने गरेको बताउनुभयो । ***रासस***

# गण्डक नहर किनारका अतिक्रमित संरचना हटाउन थालियो

वीरगञ्ज (पर्सा), १३ वैशाख । नारायणी सिँचाइ व्यवस्थापन कार्यालयले गण्डक नहर किनारमा अतिक्रमित गरेर निर्माण गरिएका घरटहरा तथा अन्य संरचना हटाउन थालेको छ ।

कार्यालयले आज बिहानैदेखि नहरको जानकीटोला र गण्डकचोकसम्म फैलिएको अतिक्रमण गरेर निर्माण गरिएका संरचना हटाउन सुरु गरेको हो । नहरको डिलमा स्थानीयले बनाएका घरटहरा, व्यापारका लागि पसल, माछापोखरीलगायत करिब ३०० भन्दा बढी संरचना हटाउन लागिएको कार्यालयले जनाएको छ । आइतबार बिहानदेखि नेपाल प्रहरी, सशस्त्र प्रहरीलगायतको सुरक्षामा अतिक्रमण गरी निर्माण गरिएका संरचना हटाउने काम भइरहेको छ ।

कार्यालय प्रमुख मनोजप्रसाद पटेलले पर्सा जिल्लामा पर्ने नहरको करिब २६ किलोमिटर क्षेत्रफलमा अतिक्रमण हटाउने कार्य सुरुआत गरिएको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "गण्डक नहरको दुवैतर्फ चार वटा 'एस्काभेटर' प्रयोग गरेर अतिक्रमण हटाउने कार्य भइरहेको छ । हाल पर्सामा हुरीसहितको पानी परेर प्रतिकूल मौसम भए पनि बिहानैदेखि अतिक्रमण हटाउने काम सुरु गरेका हौँ ।"

नेपाल र भारतबिच सन् १९५६ डिसेम्बर ४ तारिखमा गण्डक सिँचाइ तथा जलविद्युत् आयोजना सम्झौता भएको थियो । सम्झौताअनुसार दुवै मुलुकमा सिँचाइ गर्ने उद्देश्यसहित भारत सरकारद्वारा नारायणी नदीमा ब्यारेज निर्माण गरी सिँचाइ प्रणाली विकास गरिएको थियो ।

उक्त सिँचाइ योजनाअन्तर्गत पर्सा, बारा र रौतहटका दक्षिणी भेगको ३७ हजार ४०० हेक्टर क्षेत्रफलमा सिँचाइका लागि भारतीय पक्षले आठ सय ५० क्युसेक क्षमताको पानी आउने गण्डक नहर निर्माण गरेर सन् १९७५ र १९७६ मा नेपाललाई हस्तान्तरण गरेको थियो ।

गण्डक नहर भारतीय भूमि हुँदै नेपाल–भारतको सीमाक्षेत्र जानकीटोला हुँदै पर्सामा पानी भित्रिने गर्छ । यो नहर नेपालतर्फ ८१ किलोमिटर लम्बाइ रहेको छ भने नहरको नौ वटा वितरण संरचना र ८७ वटा अन्य संरचनामार्फत पर्सा, बारा र रौतहटमा सिँचाइ गर्ने गरिन्छ ।

कार्यालय प्रमुख पटेलले सम्झौताअनुसार तीन जिल्लाको ३७ हजार ४०० हेक्टर क्षेत्रमा सिँचाइ हुनुपर्ने भए पनि हाल २८ हजार हेक्टर क्षेत्रफलमा मात्रै सिञ्चित हुने गरेको छ । ***रासस***

# चालिस युवालाई 'कम्प्युटर टेक्निसियन' र छपाइ 'मेसिन अपरेटर' तालिम

टीकापुर (कैलाली), १३ वैशाख । यहाँका ४० युवालाई 'कम्प्युटर टेक्निसियन' र 'अफसेट छपाइ मेसिन अपरेटर' तालिम दिन थालिएको छ । युवालाई रोजगारीसँग जोड्ने उद्देश्यले २० र 'अफसेट प्रेस' तर्फ २० जनालाई तालिम दिन थालिएको टीकापुर नगरपालिका रोजगार सेवा केन्द्रले जनाएको छ ।

बेरोजगार युवालाई स्वरोजगार बनाउने र सम्भावना भएका क्षेत्रमा रोजगारीका अवसर सृजना गर्न शनिबारदेखि तीन सय ९० घण्टाको तालिम आयोजना गरिएको प्रमुख प्रशासकीय अधिकृत सुमन धितालले जानकारी दिनुभयो ।

प्राविधिक सीप भएको मानिस रोजगारीमा जोडिन सहज हुने भएकाले यस्तो तालिम दिन थालिएको उहाँले बताउनुभयो । प्रमुख प्रशासकीय अधिकृत धितालले भन्नुभयो, "हाल धेरैजसो युवा विदेश गइरहेका छन्, तर प्राविधिक सीप सिकेर स्वदेशमै रोजगारी गर्न सकिन्छ । त्यसका लागि कम्प्युटर र छपाइसम्बन्धी तालिम उपयुक्त हुन्छ भन्ने सुझावका आधारमा योजना बनाएका हौँ । अब हरेक काममा कम्प्युटर हरेक अपरिहार्य भइसकेको छ । छपाइको काम पनि त्यत्तिकै महत्त्वपूर्ण छ, तर यहाँ कम्प्युटर मर्मत र छपाइको काम गर्न स्थानीय जनशक्ति नभएकाले भारतीय नागरिकले धेरै अवसर पाइरहेका छन् । त्यसैले पनि यो तालिम आयोजना गरिएको हो ।"

नगरपालिका आर्थिक विकास समितिका संयोजक तथा वडा नं ७ का अध्यक्ष यज्ञप्रसाद न्यौपानेले सीप सिकेर स्वदेशमै रोजगारी गर्न उत्प्रेरित गर्ने उद्देश्यले तालिम आयोजना गरिएको बताउनुभयो ।

"बाह्र कक्षापछि रोजगारीका लागि विदेश जाने प्रचलन छ । हाम्रो उद्देश्य युवाले स्वदेशमै राम्रो कमाइ गरुन् भन्ने हो । त्यसैले सीपयुक्त मानिस उत्पादन गर्न आवश्यक छ," उहाँले भन्नुभयो ।

आर्थिक विकास शाखा प्रमुख रन्जु आचार्यले रोजगारीका अवसर भएका ठाउँमा दक्ष जनशक्ति अभाव भएकाले पालिकाले दक्ष जनशक्ति उत्पादनका लागि तालिम आयोजना गरेको बताउनुभयो । ***रासस***

**। सम्पादकीय ।**

# सचेत र सङ्गठित जनशक्ति बिना परिवर्तन असम्भव

चिनियाँ जनताका महान् नेता माओ त्सेतुङ भन्नुहुन्थ्यो, “कार्यकर्ताहरू अथक हुनुपर्छ; थाक्नु हुन्न । नि:स्वार्थ रूपले जनताको सेवा गर्नुपर्छ ।” कम्युनिस्ट पार्टीका नेता तथा कार्यकर्ताहरू जनताको सेवामा निरन्तर खटिरहेका हुन्छन् । उनीहरू जनताको सेवामा लाग्दा गाह्रोफारो भन्दैनन् । जनताको सेवामा खटिएका कार्यकर्ताहरू जनताको घर आँगन पुग्छन्; दु:ख सुख बुझ्छन्; समस्या समाधानका उपाय खोज्छन् र आवश्यक परे सङ्घर्ष गर्छन् । नेमकिपा देशमा आमूल परिवर्तनको निम्ति सङ्घर्ष गर्ने कार्यकर्ता तयार गरिरहेको राजनीतिक दल हो । देश र समाज परिवर्तनको निम्ति कार्यकर्ताहरू नि:स्वार्थ रूपले सेवा गर्न अग्रसर हुन्छन्; अग्रमोर्चामा रहेका काम गर्छन् । बहुमत जनताको सेवा गर्ने प्रण लिएर नै कार्यकर्ताहरू लागेका हुन्छन् ।

ढिलो चाँडो देशमा परिवर्तन अवश्यम्भावी छ । नेपालमा कम्युनिस्ट आन्दोलन पछि पर्नुको कारण ठुला भनिने कम्युनिस्ट पार्टीका नेताहरू सत्तामुखी राजनीतिमा फस्नु हो या पुँजीवादी राजनीतिमा लाग्नु हो । सत्ता नै सबथोक ठानी अघि बढेकोले कम्युनिस्ट आन्दोलन र कम्युनिस्ट पार्टी पछि परेको हो । सत्तामा सरकारमा पुगेका कम्युनिस्ट पार्टीहरूले कम्युनिस्टको सिद्धान्त र विचार त्यागेर सरकारबाटै सबथोक हुने या पाउने बखान गरेर कम्युनिस्टको विचार र सिद्धान्त प्रचार गरेनन्, जनतालाई चित्त बुझाउने काम गरेनन् । सिद्धान्तको राजनीति भएन या सतही राजनीति भयो । परिणामत: एमाले र नेपाली कम्युनिस्ट पार्टी गएको निर्वाचनमा नराम्रोसँग हार भयो ।

आमूल परिवर्तनको लक्ष्यबारे व्यापक जनतालाई शिक्षित र सङ्गठित नगरी चुनावमा विजयी भएको पार्टी र सरकारले समाजको आमूल परिवर्तन गर्न सक्दैनन् । एक दुई दशकको अथक मेहनतले व्यापक कामदार जनतालाई वर्गीय, राजनीतिक र क्रान्तिकारी समाजको बारेमा शिक्षित र सङ्गठित गर्न सकिँदैन । केही राजनीतिक दलहरू पैसा खर्च गरेर ठेकेदार, तस्कर, घरजग्गाका दलाल, कालाबजारी, गुण्डा, जालीफटाहाहरूको समर्थन र सहयोगमा चुनाव जित्नासाथ नानाथरीको आशालाग्दो लोभ देखाएर देशलाई उथलपुथल ल्याउने आशा बाँड्छन् । पुँजीपतिहरू पद र पैसा दिने लोभलालचमा फसाउँछन् । पद र पैसाको लोभमा कति नेता, कार्यकर्ताहरू पार्टी छाड्छन् । स-साना पुँजीवादी स्वार्थको निम्ति लाग्ने नेता कार्यकर्ताले समाज परिवर्तन होइन जसरी भए पनि आफू परिवर्तन हुन खोज्छन् ।

मार्क्सवादी-लेनिनवादी विचार बोकेको दलले कार्यकर्ताको तत्कालीन व्यक्तिगत हित गर्ने, आशा र आकाङ्क्षा पूरा गर्ने चाहना राख्दैन; त्यो कम्युनिस्ट पार्टीको उद्देश्य पनि होइन । निर्वाचनको नतिजामा डुबेर कल्पिने होइन बरु हारेको सिपाहीँ झन् राम्रोसित लड्छ भनेझैँ जोश र जाँगरका साथ राजनीतिमा सक्रिय भइरहनुपर्छ । निर्वाचनको परिणाम सधैँ एउटै गतिमा हुँदैन । निर्वाचन आइरहन्छ, गइरहन्छ । बरु, विगतको कमी कमजोरी सुधारेर, शत्रु पक्षले चालेको एक एक पाइलाको मूल्याङ्कन गरेर युवा-विद्यार्थी या नयाँ पुस्तालाई उत्साहित गर्नुपर्छ; प्रेरित गर्नुपर्छ ।

जीवनमा अनेक आरोह-अवरोह हुन्छ । जीवन सङ्घर्षमय हुन्छ । सङ्घर्षमा अनेक चुनौती आउँछ । त्यस चुनौती पार गर्दै अघि बढ्नुपर्ने हुन्छ । यसकारण, राजनीतिक आन्दोलनमा जुटेका कार्यकर्ताहरू थाक्दैनन्; निरास हुँदैनन् । देश र जनताको सेवा गर्नुपर्ने आफ्नो कर्तव्य ठानेर उनीहरू अघि बढ्छन् । परिवर्तन हतारिएर हुने होइन । परिवर्तन व्यापक जनताको निम्ति हो; व्यापक जनताले नै ल्याउने हो ।

विगतमा कम्युनिस्ट भनिने शासक दलका नेताहरूले वर्गसङ्घर्षको भावना नै छोडे । वर्गसङ्घर्ष गर्नेहरू कम्युनिस्ट नै होइनन् भन्न भ्याए उनीहरूले । एमालेका एक लेखक एवं नेताले त्यस्तै विचार खोके । कम्युनिस्टहरूमा सङ्घर्षको भावना नै छैन भने देशमा कसरी परिवर्तन हुन्छ ? के सरकारको नेतृत्व गर्नु नै परिवर्तन हो ? शासक कम्युनिस्टहरू यही मानसिकताका कारण एमाले र नेपाली कम्युनिस्ट पार्टी धरापमा परे । मार्क्सवाद-लेनिनवादलाई मार्गनिर्देशक मान्ने सबै पार्टीले सो विचारअनुसार राजनीति गर्नुपर्छ; जनतालाई शिक्षित र सङ्गठित गर्नुपर्छ । सचेत र सङ्गठित जनशक्तिबिना देशमा परिवर्तन सम्भव छैन । अत: देशका सबै कम्युनिस्ट पार्टीहरू आमूल परिवर्तनको निम्ति पूर्वाधार तयार गर्नुपर्छ; तयार गर्न जुट्नुपर्छ ।

# परराष्ट्र नीतिः सरकारको कि आरएसएसको ?

✍ जेबी पुन मगर

प्रधानमन्त्री बालेन्द्र शाहका प्रमुख सल्लाहकार कुमार व्यञ्जनकार ‘बेन’ ले चुनावअघि र पछि चुनावी रणनीतिका क्रममा आरएसएसका प्रचारक भारतीय नागिरक रेवित कुमारसँग बारम्बार भेट गरिरहेका थिए । रास्वपाको विदेश नीतिसम्बन्धी ‘प्रतिबद्धता’ मा उल्लेख ‘नेपाल प्रथम: नेपाली प्रथम’ ट्रम्प र मोदीको विदेश नीति ‘अमेरिका फर्स्ट’ र ‘इन्डिया फर्स्ट’ सँग मात्र मिल्दैन, सङ्घ परिवार मातहतको ‘नेपाल प्रथम राष्ट्रिय अभियान’ को नारासँग पनि ठ्याक्कै मिल्छ ।

सरकारले सार्वजनिक गरेको ‘राष्ट्रिय प्रतिबद्धता’ को बुँदा नं. १४ मा रहेको ‘अन्तर्राष्ट्रिय कूटनीति र परराष्ट्र सम्बन्ध’ अहिले निकै चर्चामा छ । त्यसमा भनिएको छ; “नेपालको सार्वभौमसत्ता र राष्ट्रिय हितलाई सर्वोपरि राख्दै नेपाललाई ‘बफर स्टेट’ बाट ‘भाइब्रेन्ट ब्रिज’ का रूपमा रूपान्तरण गरी त्रिपक्षीय आर्थिक साझेदारी र कनेक्टिभिटीका माध्यमबाट राष्ट्रिय हित सुनिश्चित गरी नेपाललाई स्वतन्त्र, तटस्थ र विश्वशान्तिमा आधारित असंलग्न राष्ट्रका रूपमा विश्वमञ्चमा स्थापित गरिनेछ । कुनै पनि सैन्य गठजोड, हातहतियारको दौड र युद्धले शान्तिलाई बाधा पुर्‍याउँछ भन्ने मान्यतासहित सबैसँग समदूरी र समनिकटताको नीति अवलम्बन गरिनेछ । सम्पूर्ण कूटनीतिको केन्द्रमा ‘नेपाल प्रथम: नेपाली प्रथम’ को अवधारणा आत्मसात् गरिनेछ ।”

**हाम्रो धरातलीय यथार्थ चाहिँ के छ ?**

जुन देशको सरकार पदभार ग्रहण गरेको महिना नकट्दै आफ्ना नागरिकलाई युद्धग्रस्त इजरायल र खाडी देशमा पठाउँछ । तीन सातामा सातचोटि पेट्रोलियम पदार्थमा मूल्यवृद्धि गर्छ । जुन देशका २ लाखभन्दा बढी सुरक्षाकर्मीले तपाईंको जिउधनको रक्षा गर्न सक्दैनन् । ती निजी घर र सम्पत्ति जलाउँदा लाचार बस्छन् । जोसँग आँखैअगाडि दन्किरहेको आफ्नो परमाधिपति कार्यालयको आगो निभाउने सामर्थ्य छैन ।

**‘बफर स्टेट’**

पृथ्वीनारायण शाहले देशलाई ‘दुई ढुङ्गाबिचको तरुल’ का रूपमा अर्थ्याए । यता राज्यले आफ्नो घोषित वैदेशिक नीति तदनुरूप नै तय गर्दै आइरहेको विश्वास गरिन्छ, ‘असंलग्न परराष्ट्र नीति’ । तर, नेपालको परराष्ट्र नीति सधैँ भारतपरस्त रहँदै आएकोले नेपाल कहिल्यै असंलग्न थिएन भन्ने तर्क पनि गरिन्छ । राजा महेन्द्रले यस सम्बन्धलाई केही मात्रामा असंलग्न बनाउने प्रयत्न गरे । उनले अमेरिका र चीनसँगको सम्बन्धलाई नयाँ आयाम दिन खोजे । उनको त्यस्तो वैदेशिक नीतिले देशले फाइदा पनि उठायो, मूल्य पनि चुकायो । विशेषगरी भारतसँग नेपालको सम्बन्ध तिक्ततापूर्ण हुन गयो । म यस विषयतर्फ जान्नँ ।

गोरखा राज्य विस्तारको अढाइ सय वर्षपछि राजतन्त्र ढाल्न प्रमुख भूमिका खेल्ने तर आफूलाई पृथ्वीनारायण शाहको युद्ध रणनीतिबाट प्रभावित बताउने अनि देशलाई दस वर्ष द्वन्द्वको अँध्यारोमा धकेल्ने




पुष्पकमल दाहाल (प्रचण्ड) ले ‘नेपाल दुई ढुङ्गाबिचको तरुल होइन, यो त दुई ढुङ्गाबिचको डाइनामाइट हो’ भन्दै नयाँ व्याख्या गरे । माओवादीका सुप्रिमोले दुई शक्तिशाली छिमेकी देश भारत र चीनसँगको परराष्ट्र नीतिमा नेपाल ‘तरुल जसरी थिचिएर बस्ने कमजोर नभई डाइनामाइटझैँ पड्कने राष्ट्र’ का रूपमा उभिने तर्क गर्न यो परिभाषा गरेका थिए ।

**समदूरी र समनिकटता**

नेपालजस्तो देशलाई असंलग्न भूमिकामा खडा हुन कति गाह्रो छ भन्ने बुझ्न राजा महेन्द्रको शासनकालसम्म पुग्नै पर्दैन । कोभिडकालयताका घटनाक्रमलाई केलाए मात्र पनि छर्लङ्ग देखिन्छ । हामीलाई यादै छ, २०७६ असोज २६ गते चिनियाँ राष्ट्रपति सी चिनफिङले काठमाडौँमा व्यक्त गरेको विवादास्पद अभिव्यक्ति । दुईदिने राजकीय भ्रमणमा रहेका राष्ट्रपति सीले प्रधानमन्त्री केपी शर्मा ओलीसँग सोल्टी होटलमा भइरहेको वार्ताकै क्रममा ‘चीनको कुनै पनि भूभाग टुक्र्याउन प्रयास गर्ने जोकोहीको शरीर धुलोपिठो पारिने र उनीहरूको सपना चकनाचुर पारिनेछ’ भन्ने अभिव्यक्ति दिए । उनको सीधा प्रहार अमेरिकालक्षित थियो ।

त्यतिबेला हङकङमा भइरहेको युवा आन्दोलनलाई अमेरिकालगायत पश्चिमा देशहरूले चीनविरोधी आन्दोलनमा परिणत गरिदिएकोमा पेइचिङ निकै क्रुद्ध थियो ।

त्यसैले राष्ट्रपति सीको भ्रमणको छेक पारी नेपाल-चीनबिच सुपुर्दगी सन्धिको मस्यौदा तयार पारिएको थियो । नेपालमा दर्ता भएका १२ हजार र दर्ता नभएका करिब १० हजार तिब्बती शरणार्थी पेइचिङका निम्ति लामो समयदेखि टाउको दुखाइको विषय रहँदै आएका छन् । ६० को दशक (सन् १९५९-१९७४) मा अमेरिका र भारतको सहयोगमा नेपाली भूमिबाट सञ्चालन गरिएको सशस्त्र खम्पा विद्रोहमा तिब्बती शरणार्थीको प्रयोग भएको संस्थागत स्मरणका कारण पेइचिङ सशङ्कित रहँदै आएकाले चीन सुपुर्दगी सन्धि गर्न चाहन्थ्यो ।

**एसपीपी-बीआरआई-एमसीसी**

प्रधानसेनापति राजेन्द्र क्षत्रीले विपद् व्यवस्थापनका नाममा २०७२ कार्तिक १० गते पत्र लेखी अमेरिकाको स्टेट पार्टनरसिप प्रोग्राम (एसपीपी) मा सहभागी हुन आवेदन दिए । पहिलो आवेदनको सुनुवाइ नहुँदा उनै क्षत्रीले २०७४ वैशाख २१ गते पुन: अर्को आवेदन दिएपछि अमेरिकाले २०७६ सालमा नेपाललाई एसपीपीमा समावेश




गर्‍यो । यो पत्राचार प्रधानमन्त्री ओलीलाई समेत जानकारी नदिई गरिएको भनी आरोप लाग्यो ।

अमेरिकी रक्षा मन्त्रालय (पेन्टागन) ले २०७६ जेठ १८ गते सार्वजनिक गरेको इन्डो-प्यासिफिक रणनीति (आईपीएस) प्रतिवेदनमा नेपाललाई एसपीपीमा सहभागी गराइएको उल्लेख गरेपछि त्यसको देशभित्र ठूलो विरोध भयो । प्रश्न उठ्यो, ‘प्रधानमन्त्रीलाई समेत थाहा नदिइएको’ अमेरिकी सैन्य रणनीतिक कार्यक्रममा सेना किन संलग्न हुन खोज्यो ? एसपीपीलाई पनि आईपीएस अर्थात् अमेरिकी सैन्य रणनीतिक कार्यक्रमभित्र समेटिएको रहेछ भन्दै त्यसको विरोध भएको थियो । भू-राजनीतिक विश्लेषकहरू आईपीएसलाई चीनको बढ्दो प्रभाव विशेषगरी उसको महत्त्वाकांक्षी परियोजना ‘बेल्ट एन्ड रोड इनिसिएटिभ’ (बीआरआई) रोक्न ल्याइएको रणनीतिक कार्यक्रमका रूपमा हेर्छन् । चीनले यसलाई अझ कडा ‘एसियाली नेटो’ का रूपमा व्याख्या गर्दै आइरहेको छ ।

शक्ति सन्तुलनको निम्ति सरकारलाई कति गाह्रो परेको देखिन्थ्यो भने एकातर्फ तत्कालीन परराष्ट्रमन्त्री प्रकाशशरण महतको उपस्थितिमा परराष्ट्र सचिव शङ्करदास वैरागी र चिनियाँ राजदूत यु होङले परराष्ट्र मन्त्रालयमा बीआरआई समझदारीमा हस्ताक्षर गरिरहेका थिए भने अर्कोतर्फ चीन र अमेरिकाबिच ‘बीआरआई भर्सेस एमसीसी’ बारे बाहिर मिडियामा ‘प्रोक्सी वार’ चलिरहेको थियो ।

एमसीसी पक्षधरले बीआरआईमा गए ‘देश ऋणको पासोमा पर्ने’ भन्दै तर्साइरहेका थिए भने बीआरआई पक्षधरले ‘एमसीसीमा हस्ताक्षर गरे देश अमेरिकी सैन्य अखडा हुने’ ‘भूत’ देखाइरहेका थिए । यी सबका बाबजुद अन्तत: बीआरआई सहमति भएको ४ महिनापछि २०७४ भदौ २९ गते वासिङटन डीसीमा अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्की र मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) का तर्फबाट कार्यवाहक सीईओ जोनाथन नासबिच ६ सय ९७ मिलियन डलर बराबरको ‘एमसीसी कम्प्याक्ट सम्झौता’ सम्पन्न भएरै छाड्यो, जसमा अमेरिकाको योगदान ५ सय मिलियन डलर रहने उल्लेख छ ।

एमसीसी सम्झौताको विरोध यति चर्को भयो कि यसलाई संसद्बाट अनुमोदन गर्न ४ वर्ष लाग्यो– त्यो पनि १२ बुँदे व्याख्यात्मक टिप्पणीसहित । २०७८ फागुन १५ गते तत्कालीन

*बाँकी पृष्ठ ७ मा*

# सिलेसियाली जुलाहाहरूको विद्रोह

१९ औँ शताब्दीको मध्यसम्म पनि बेलायत र फ्रान्सको तुलनामा जर्मनी पछि थियो । बेलायतका कारखानाहरूमा हातले भन्दा कलले काम गर्न थालेको थियो । कलले काम गर्दा धेरै छिटो र सस्तो पर्दथ्यो । हातले काम गर्दा ढिलो हुन्थ्यो र ज्याला पनि बढी पर्दथ्यो । त्यसले गर्दा सामानको मूल्यमा वृद्धि हुन्थ्यो । तर, कलले गर्दा १०-१२ जवान मजदुरहरूको काम एउटैले गर्न सकिन्थ्यो । छिटो पनि सिधिन्थ्यो । यसकारण, बेलायतको लुगा (कपडा) सस्तो हुन्थ्यो ।

बेलायतको सस्तो कपडा जर्मनीमा समेत पुग्यो । जर्मनीको बजार बेलायती कपडाले भरिन थाल्यो । त्यसले गर्दा जर्मनीमै तयार भएको कपडा बिक्न छोडे । जर्मनीको कपडा नबिक्दा जर्मनीका कपडा बुन्ने जुलाहा मजदुरहरूले काम पाउन छोडे । अब कपडा बुन्न दिने धनी र पुँजीपतिहरूले मजदुरहरूलाई ज्याला कम दिन थाले ।

त्यसबेला जर्मनीमा बेलायतमा जस्तै सयौँ मजदुरहरूले काम गर्ने ठुलठुला कारखाना पनि बनिसकेको थिएन । कारखानाका मालिक वा साहुहरू गाउँ गाउँ वा घर घरमा कपास र धागो अथवा आधा तयारी सामान दिएर काम लगाउँथे । ती जुलाहाहरू खेतमा पनि काम गर्थे; कपडा बुन्ने काम पनि गर्थे । हाम्रो घर घरमा चर्खा र तान भएजस्तै त्यहाँ पनि घर घरमा काम गर्थे र साहुलाई बुझाउन जान्थे । तर, ती जुलाहा मजदुरहरू मौसममा खेती पनि गर्थे । जमिनदारहरू तिनीहरूसँग बढी बाली लिन्थे । तिनीहरूले सामन्त र जमिनदारहरूलाई बेठ-बेगारी र रकम तिर्नु पर्दथ्यो । हाम्रो नेपालमा पनि २००७ सालभन्दा पहिले बिनापैसाले सामन्त, शाह, राणा, जमिनदार र बिर्तावालहरूकहाँ काम गर्न जानु पर्दथ्यो । त्यसलाई 'झारा' वा बेठ-बेगारी भनिन्थ्यो । त्यस्तै मौका मौकामा घिउ, बोका, हरियो तरकारी, पराल, कमेरो आदि तिर्नु पर्दथ्यो । जर्मनीका किसानहरूले पनि त्यसबेला जमिनदारवर्गलाई रकम तिर्नु पर्दथ्यो । तर, त्यहाँका जमिनदारहरूले त्यो रकम पैसामा असुल गर्दथे । किसानहरूले 'शिकारी कर' भनेर अलगै कर सामन्तहरूलाई तिर्नु पर्दथ्यो । किसानहरू सिकार खेल्दैनथे वा खेले पनि साह्रै कम खेल्थे । तर, शिकारको कर भने सबैले तिर्नै पर्दथ्यो- सिकार खेलून् वा नखेलून् । फेरि ती जुलाहा किसानहरूसँग तिनीहरूले कपडा बुनेबापत उत्पादन कर तिर्नु पर्दथ्यो । यसप्रकार त्यसबेला जर्मनीका किसान जुलाहाहरू सामन्त र जमिनदारहरूबाट साह्रै चुसिएका र थिचिएका थिए । अर्कोतिर कपडा बुन्न दिने साहु-महाजन, व्यापारी र पुँजीपतिहरूबाट पनि तिनीहरू त्यतिकै चुसिएका थिए । तिनीहरू जुलाहाहरूलाई कम ज्याला दिन्थे र धेरै काम लिन्थे । यसकारण, जर्मनीका किसान र मजदुरहरू साह्रै रिसाएका थिए ।

सन् १८४४ को कुरा हो । जर्मनीमा सिलेसिया भन्ने एक प्रान्त थियो । अहिले सिलेसिया (SILESIA) प्रान्त पोलायन्डमा पर्दछ । पोलायन्डको दक्षिण-पश्चिममा परेको सिलेसियाको सहर ब्रेस्ला (BRESLAU) थियो । ब्रेस्लालाई रोस्ला (WROCLAW) पनि भनिन्थ्यो । यो ओदर नदीको किनारमा अवस्थित छ । त्यहाँ कपडा बुन्ने काम हुन्थ्यो । बेलायतको कपडाको सामानले त्यो ठाउँ भरिदियो । यसले गर्दा त्यहाँका मजदुरहरूलाई नराम्रो असर पर्यो । जुलाहाहरू बेकार भए र कति भोकै मरे ।

ज्वानजिगर भन्ने त्यहाँको कपडा कारखानाको एउटा ठुलो मालिक थियो । ऊ साह्रै निर्दयी र चुसाहा थियो । त्यसको नोकरचाकर र जाँचकीहरूले जुलाहा मजदुरहरूलाई स-साना कुरामा पनि कोर्दाले हान्थे र कपाल लुछ्थे । एकछिन चुप लागेमा वा सामानमा केही तल माथि हुनासाथै तिनीहरूले मजदुरहरूलाई पशुसरह व्यवहार गर्थे । त्यसकारण, सिलेसियाली जुलाहा मजदुरहरू ज्वानजिगर र उसका दलाल र पिछ्लग्गूहरूसँग साह्रै रिसाएका थिए । ज्वानजिगर र उसका कुकुरहरूको विरोधमा त्यहाँका जुलाहा मजदुरहरूले गीत बनाएका थिए । गीत गाएर आफ्नो रिस र असन्तोष पोख्थे । गीत यस्तो थियो-

*ज्वानजिगरहरू ज्यानमारा हुन् सबै,*
*पिछलग्गूहरू, मद्दत गर्छन् उसलाई राम्रै ।*
*कोर्दा हान्छन्, कपाल लुछ्छन्, साह्रै हामीलाई,*
*बनाइदिन्छन् नरक हाम्रो जीवनलाई ।*
*हृदय नभएका तिनीहरू जङ्गलीहरू, पशुहरू,*
*ज्वानजिगर ती राक्षसहरूका मालिक हुन् ।*
*लुछ्छन्, पिट्छन्, चिर्थोछन् हामीलाई तिनीहरू,*
*मोज उडाउँछन्, हाम्रो दु:ख कष्टमा तिनीहरू ।*

सन् १८४४ को एक दिनको कुरो हो । एकजना मजदुर उसको घरकै तललिरबाट त्यस गीत गाएर गइरहेको थियो । ज्वानजिगरका नोकरहरूले त्यस गीतलाई सुने । ती नोकरहरूले त्यस मजदुरलाई समातेर साह्रै नराम्रोसँग पिटे । तिनीहरूले उसलाई पिट्दै घिसार्दै पुलिस थानामा लगे । पुलिस अफिसमा पनि उनी साह्रै पिटिए ।

एक मजदुरमाथि भएको अन्यायको खबर नजिकैको दुई गाउँमा बिजुलीजस्तै फैलियो । जुलाहा मजदुरहरू ज्वानजिगरको अत्याचारदेखि झन् रिसाए । त्यसको बदला लिन दुबै गाउँका मजदुर र किसानहरू आँधीजस्तै उठे । तिनीहरू आँधी-बेहरीसरि रिसाएर ज्वानजिगरको घरमा हुर्रिए । तिनीहरूले उसको घरका सामानहरूलाई भाँचकुँच गरिदिए; ओछ्यान र लत्ता कपडालाई च्यातचुत पारिदिए; भाँडाकुँडा, रिकापी, थालहरू फोरिदिए; दराज, टेबुल, मेचजस्ता सामानहरू टुक्रा टुक्रा पारिदिए । उनीहरूले घरका भित्ता र दलिनमाथि मोडेका सिलिङ र इलाचाहरू सबै बिगारिदिए; मजदुर र किसानसँग लेखाएर लिइराखेको नक्कली सकली किर्ते तमसुक, कागज र बहीखाता सबै निकाले र ध्वस्त पारिदिए, आगो लगाइदिए । कारखानाका थुप्रै कल पुर्जा टुक्रा गरेर मिल्काइदिए ।

यो कुरो शोषक सरकारमा पुग्यो । सरकार मजदुर र किसानहरूलाई दबाउन चाहन्थ्यो । ४ वटा तोपसँगै ४ पल्टन सिपाही सरकारले त्यहाँ पठायो । त्यसमा केही घोडचढी सेना पनि थियो । शोषकवर्गका पाल्तु सेनाले मजदुरहरूमाथि गोली हान्यो, तिनीहरूको गोलीबाट १२ जवान मजदुरहरू ठहरै मरे । २४ जवान मजदुरहरू घाइते भए ।

त्यस हत्याकाण्डले मजदुरहरू झन् रिसाए । सङ्घर्ष बढ्दै गयो । स्थितिलाई पल्टनले साम्य पार्न सकेन । स्थिति नियन्त्रण गर्न धेरै दिन लाग्यो । काम-मामको समस्याले थुप्रै मजदुरहरू भोकै मरे । अकाल पर्यो । भोकमरी र टाइफाइड भने विषम ज्वरको रोग फैलेर हजारौँ जुलाहा परिवार मरे ।


**सिलेसियाली जुलाहा विद्रोहको शिक्षा**

फ्रान्सको लियोन सहरका मजदुरहरूले जनवादी गणतन्त्र र तिनीहरूको 'भविष्य' को निम्ति विद्रोह गरेका थिए । बेलायतको मागपत्रको आन्दोलनमा त्यहाँका मजदुरहरूले चुनावमा भाग लिन पाउनु पर्छ भनेर लडेका थिए । कामको घण्टा निश्चित गर्ने र आर्थिक अवस्था सुधारको माग र विद्रोह गरेका थिए । तर, सिलेसियाली मजदुरहरूले यस्तो कुनै माग र विद्रोह गरेका थिएनन् । तिनीहरूले आफ्नो वर्ग भाइलाई शोषकवर्गले हात हालेको र अन्याय अत्याचार गरेकोमा बदला लिन सङ्घर्ष गरेका थिए । तिनीहरूले शोषकवर्गमाथिको घृणा र असन्तोषलाई मात्रै सबैको अगाडि देखाइदिएका थिए ।

सिलेसियाली जुलाहाहरूले तिनीहरू एक शक्ति हुन् र तिनीहरू पनि केही गर्न सक्दछन् भन्ने कुरो देखाइदिए । जर्मनीका मजदुरवर्ग पनि एक बलियो शक्ति हो भन्ने देखाइदिए । मजदुरहरूको सङ्गठन र संयुक्त गतिविधि एउटा ठुलो बल हुन्छ भन्ने कुरो सबैलाई बताइदियो । त्यो नै सिलेसियाली जुलाहाहरूको विद्रोहको शिक्षा थियो ।


**निष्कर्ष**

फ्रान्स, बेलायत र जर्मनीका त्यसबेलाका मजदुर आन्दोलनहरूमा मजदुरवर्गको सिधा भिडन्त पुँजीवादी र सामन्तीवर्गको शासन सत्तासँग हुन गयो । त्यसले दुई चार कुरोलाई देखाइदियो । पहिलो, शोषकवर्गको राज्यसत्तासँग मजदुरवर्गको भिडन्त अनिवार्य छ । दोस्रो, मजदुरवर्गले भिडन्त गर्न सक्छ । तेस्रो, मजदुरवर्ग उठ्दो वर्ग हो । चौथो, सामन्तवादजस्तै पुँजीवाद खतम हुन्छ । पाँचौँ, मजदुरवर्ग राज्यसत्ताको निम्ति लड्नेछ र राज्यसत्तालाई कब्जा गर्नेछ ।




# १८४८ को मागपत्रको आन्दोलन

सन् १८४२ मा मजदुरहरूको पहिलो मागपत्रको आन्दोलनलाई दबाइदिए पनि मजदुरहरूको स्थितिमा कुनै परिवर्तन भएन । त्यसकारण, आन्दोलनको बीउ बाँकी नै थियो । १८४७ मा झन्झन् नयाँ सङ्कट आइपर्यो; त्यो अति उत्पादनको सङ्कट थियो । पुँजीपतिवर्गले धेरै नाफा खान धेरै-धेरै मालसामान बनायो । तर, जनतासँग किन्ने क्षमता थिएन । पुँजीको धेरै भाग अथवा सबै पैसा उत्पादनमा लगाइसकेको थियो । पुँजी सबै फसेको थियो । यसकारण, व्यापार बन्द हुन थाल्यो । कारखानाहरू बन्द हुन थाले । मजदुरहरूले काम पाएनन् र सबै बेकार हुँदै गए । तिनीहरूको आर्थिक स्थिति साह्रै खराब हुँदै थियो ।



*५० लाख जनताको हस्ताक्षर भएको मागपत्र बोकिरहेका मजदुरहरू*

त्यसले गर्दा खानको निम्ति मजदुरहरूले आफूसँग भएको सानातिना सामान बेचन थाले । लुगाफाटा बन्धक राख्न थाले । लगाउने लुगा नभएर मजदुरहरूका केटाकेटी स्कूल जान छोडे । जहान बच्चा भोकभोकै मर्न थाले । तर, पनि सरकारले बेकारी र भोका जनताबाट हुने उपद्रो रोक्न र चाहिने बेलामा ज्यामी पाउन अलि-अलि पैसा दिएर राख्दथ्यो । त्यो हाम्रो देशमा भन्डारा ख्वाउने जस्तै थियो । पशुपति र विभिन्न मठ-मन्दिरमा दिनका दिन वा बेला-बेला गरिब जनतालाई दया गरेर ख्वाएको जस्तो देखिन्छ; वास्तवमा कुरो त्यो थिएन । गरिब जनताले धेरै दु:ख सहन सकेन भने विद्रोह गर्न थाल्छन् । विद्रोह गरेनन् भने बिरामी हुन्छन् वा भोकै मर्दछन् । विद्रोह गर्दा शोषकवर्गलाई नोक्सान हुन्छ । बिरामी र भोकै मर्दा शोषकवर्गले चाहिने समयमा काम गराउन ज्यामी पाउँदैन, ज्यामी नपाएपछि तिनीहरूको नाफा घट्छ । यो कुरो मानिसले घरमा पशु पाले जस्तै हो । बाख्रा-बाख्री मर्दा आफ्नै नोक्सान हुने भएकोले मात्रै तिनीहरूलाई मानिसले घाँस ख्वाउने गर्छन् । बस् त्यस्तै, पछि काममा लिन पुँजीपति सरकारले 'भन्डारा' ख्वाए जस्तै बेलायतमा 'गरिब दर' दिने चलन थियो । त्यसलाई गरिबी भत्ता पनि भन्ने गरिन्थ्यो । तर, त्यति पैसाबाट त मजदुरहरूले मुस्किलले एक छाक नुनपानी खानमात्र सक्थे । त्यो धोखा दिने वा जनताको विद्रोह दबाउने जाल मात्रै थियो । यस कुरालाई बेलायतका मजदुरहरूले बुझ्न थालेका थिए । त्यसबेला फ्रान्समा पनि मजदुरवर्गले पुँजीपति सरकारसँग बन्दुक लिएर सङ्घर्ष गरेका थिए । त्यस खबरले बेलायतका मजदुरहरूलाई पनि लड्नमा बल दिएको थियो । यसकारण, १८४२ मा असफल भएको 'मागपत्र' को आन्दोलन फेरि उठ्न थाल्यो ।

बेलायतमा ल्वेक बोर्न भन्ने एउटा ठाउँ थियो । एक दिन त्यहाँ बेकारी मजदुरहरू एक ठाउँमा भेला भए । तिनीहरू जुलुसजस्तै मिलेर त्यहाँ 'गरिब ऐन कार्यालय' मा गए । जुलुसले त्यहाँ एउटा निवेदन दियो । त्यसमा लेखिएको थियो :

"महाशयहरू, अहिले 'गरिब दर' अब छलकपटबाहेक अरू केही पनि रहेन । त्यो त हाम्रो दु:खकष्ट बढाउने र यसलाई लम्ब्याउने उपायमात्रै हो ....... । उतातिर पसलहरू खानेकुराले भरिभराउ छन् । यतातिर हाम्रा परिवार भोकै मरिरहेका छन् । यो हेरिरहन सक्दैनौँ ।"

त्यसबेला फेरि ठाउँ-ठाउँमा मजदुरहरू सङ्गठित हुन थाले । बेलायतका हरेक औद्योगिक क्षेत्रमा सङ्घर्षका फिलिङ्गाहरू देखिन थाले । राजधानी लन्डनमा देशभरका मजदुर प्रतिनिधिहरू भेला भए । फेरि एकचोटि मागपत्रमा सही छाप गर्ने आन्दोलन चलाउन थाले । मागपत्रमा ५० लाख जनताले हस्ताक्षर गरेका थिए ।

१० अप्रिल १८४८ मा एउटा ठुलो जुलुसले ५० लाख जनताको हस्ताक्षर भएको त्यो मागपत्रको बाकसलाई २० जना मानिसले बोकेर संसद्मा लग्यो । त्यस मागपत्रमा एउटा नयाँ कुरो थियो । पुँजीपतिवर्गले सधैं अस्वीकार गर्दै आएको निवेदन या बिन्तीपत्रको मागलाई संसद्ले स्वीकार गर्ने हो वा राज्यशक्ति कब्जा गर्न कामदारवर्गले विद्रोह सुरु गर्नुपर्ने हो भनेर त्यसमा प्रश्न गरिएको थियो । त्यस प्रदर्शनमा ५ लाख मानिसले भाग लिएका थिए ।

मजदुरवर्गमा समाजवादी विचारधारा बढ्दै गएको कुरालाई पुँजीपतिवर्गले देखिरहेको थियो । 'उत्तरी तारा' भन्ने तिनीहरूको मुखपत्रको प्रभाव बढ्दै गएको थियो । सशस्त्र सङ्घर्षबाट सत्ता कब्जा गर्न मार्क्सवादीहरू अगाडि बढिरहेको कुरो बेलायती पुँजीपतिवर्गले थाहा पाउँदै थियो । यसकारण, पुँजीपतिवर्गले मजदुरहरूको विद्रोहको डरले लन्डनमा झन्डै २ लाख सिपाही या पल्टनका जवानहरू थुपारेको थियो । छाउनी र मुख्यमुख्य बाटाघाटा र सरकारी भवनहरूमा लड्नको निम्ति मोर्चाहरू बनाइएको थियो । जहाँतही तोप र बन्दुक तेर्स्याइएको थियो । हुल्याहा र गुण्डाहरूलाई पुँजीपतिवर्गले 'स्वयम्सेवक' भनेर सङ्गठित गरेको थियो । ती आवारा गुण्डाहरूको जत्थालाई पुँजीपतिवर्गले हातहतियारले सज्जित पारेको थियो । त्यस प्रदर्शनलाई सरकारले कानुनविरोधी घोषणा गऱ्यो ।

यता मजदुरहरू मर्न र मेट्नको निम्ति तयार थिए । तर, प्रदर्शनका मुख्य सङ्गठनकर्ता ओकोनोर आफैँ डराए । प्रदर्शन गर्ने निधो भए पनि मजदुरहरूलाई घर फर्कन र प्रदर्शन नगर्न बिन्ती गर्न थाले । शान्तिपूर्वक निवेदनलाई संसद्मा लगियो । तर, संसद्ले त्यसलाई फेरि एकचोटि लत्याइदियो । यसप्रकार 'भौतिक शक्ति' मा विश्वास गर्ने ओकोनोरको 'नैतिक शक्ति' कमजोर साबित भयो । यसरी १२ अप्रिल १८४८ को प्रदर्शन असफल भएपछि आन्दोलन सेलाउन थाल्यो र अन्त्यमा हारमा फेरियो ।

**आन्दोलनका असफलताका कारणहरू**

बेलायत त्यसबेला संसारको सबभन्दा ठुलो पुँजीवादी देशमा विकास भइरहेको थियो । त्यसले संसारमा सबभन्दा बढी उपनिवेश कब्जा गरिसकेको थियो । धेरै देश उसको उपनिवेश हुँदा त्यहाँबाट उसले सस्तोमा कच्चा सामान ल्याउँथ्यो र महँगोमा तयारी माल बेच्थ्यो । फेरि उपनिवेशका जनतालाई सस्तोमा ज्यामी लगाउँथ्यो । यसले गर्दा उसले अरू पुँजीवादी देशहरूले भन्दा सस्तोमा सामान बेच्न सक्थ्यो । यसरी बेलायतले संसारको बजार कब्जा गर्न सक्यो र बेलायती पुँजीपतिवर्गले अकुत नाफा कमायो । नाफाको केही भाग माथिल्ला मजदुरहरूलाई पनि दिन थाल्यो । अथवा, माथिल्ला मजदुरहरूको ज्याला र भत्ता बढाएर तिनीहरूको जीवनलाई पुँजीवादीकरण गरिदियो । यसकारण, माथिल्लो मजदुरवर्गमा क्रान्तिकारी भावना घट्न थाल्यो । तिनीहरू आन्दोलनलाई सशस्त्र विद्रोहमा नफेरि शान्तिपूर्ण ढङ्गले चलाउन चाहन्थे । तिनीहरू पुँजीपतिवर्गसँग सम्झौता गर्न चाहन्थे । आन्दोलनमा त्यस्ता तत्त्वहरूको प्रभाव बढी थियो ।

आन्दोलनका केही नेताहरू समाजवादलाई मन पराउँथे । तर, समाजवाद कसरी आउँछ भन्ने कुरो तिनीहरूलाई थाहा थिएन । बेलायतले हजारौँ र लाखौँ मजदुरहरूलाई क्यानडा, संयुक्त राज्य अमेरिका र अस्ट्रेलियाजस्ता काम पाइने ठाउँमा पठाइदिए । ती देशहरू बेलायतभन्दा धेरै

***बाँकी पृष्ठ ८ मा***



भेनेजुयलाको मेरिडा राज्यमा अमेरिकी प्रतिबन्ध र नाकाबन्दी हटाउन माग गर्दै राष्ट्रिय सम्प्रभुता रक्षार्थ मोटरसाइकल र्‍याली गर्दै भेनेजुयाली युवाहरू अप्रिल २५, २०२६ का दिन । *तस्बिर : टेलिसुर*

# ट्रम्प सहभागी कार्यक्रममा आक्रमण प्रयास, ट्रम्प सुरक्षित

वासिङ्टन, १३ वैशाख ( एएफपी) । अमेरिकामा राष्ट्रपति डोनाल्ड ट्रम्प सहभागी रहेको 'डिनर कार्यक्रम' मा एक हतियारधारी व्यक्तिले आक्रमण गर्ने प्रयास गर्दा ठुलो सुरक्षा घटना भएको छ । प्रारम्भिक जानकारीअनुसार ती व्यक्तिले बन्दुक र चक्कु लिएर कार्यक्रम स्थलको लबी क्षेत्रमा प्रवेश गर्ने प्रयास गरेका थिए, जसपछि सुरक्षाकर्मीहरू तत्काल सक्रिय भएका थिए र उनलाई नियन्त्रणमा लिएका थिए । घटनाका क्रममा गोली चलेको आवाज सुनिएको थियो र केही अतिथिहरू डराएर टेबलमुनि लुकेका थिए । राष्ट्रपति ट्रम्पलाई सुरक्षाकर्मीहरूले तुरुन्तै सुरक्षित स्थानमा लगेका थिए ।




सुरक्षा अधिकारीहरूसँग भएको मुठभेडमा आक्रमणकारीले गोली हानेको र सुरक्षाकर्मीहरूले पनि जवाफी कारबाही गरेको बताइएको छ । एक सुरक्षा अधिकारीलाई गोली लागेको भए पनि बुलेटप्रुफ ज्याकेटका कारण गम्भीर क्षति हुनबाट जोगिएको छ । आक्रमणकारीलाई घटनास्थलमै नियन्त्रणमा लिइएको छ र उनी एक्लै योजना बनाएर आएको प्रारम्भिक निष्कर्ष छ ।

अमेरिकी सरकारी वकिलका अनुसार उक्त संदिग्धविरुद्ध हिंसात्मक अपराधका क्रममा हतियार प्रयोग गरेको र सङ्घीय सुरक्षाकर्मीमाथि खतरनाक हतियार प्रयोग गरी आक्रमण गरेको आरोप लगाइनेछ । उनलाई सोमबार राजधानीस्थित सङ्घीय अदालतमा पेश गरिनेछ ।

समाचार स्रोतका अनुसार घटना अचानक भएको भए पनि सुरक्षाकर्मीहरूको तत्काल प्रतिक्रियाका कारण ठुलो दुर्घटना हुनबाट जोगिएको छ । अहिले घटनाबारे विस्तृत अनुसन्धान जारी छ र सुरक्षालाई अझ कडा बनाइएको छ ।

## विश्व सङ्क्षेप

# कोलम्बियामा बम आक्रमण : ७ जनाको मृत्यु, २० भन्दा बढी घाइते

बोगोटा, १३ वैशाख (सिन्ह्वा) । कोलम्बियाको काउका विभागस्थित काजिबियो नगरपालिकामा शनिबार भएको बम आक्रमणमा कम्तीमा सात जनाको मृत्यु भएको छ भने बीसभन्दा बढी व्यक्ति घाइते भएका छन् ।

रिपोर्टका अनुसार काली र पोपायान जोड्ने पान-अमेरिकी राजमार्गको एल टुनेल क्षेत्रमा गुडिरहेको बसमा बम प्रहार गरिएको थियो, जसले बसको छाना र झ्यालहरूमा गम्भीर क्षति पुर्‍याएको छ साथै राजमार्गमा पनि नोक्सानी भएको देखिन्छ ।

प्रत्यक्षदर्शी चालकहरूका अनुसार हतियारधारी व्यक्तिहरूले एक ट्रक र बस अपहरण गरी सडक अवरुद्ध बनाएका थिए र ती सवारीसाधनहरूमा एक विद्रोही समूहसँग सम्बन्धित नाराहरू लेखिएका थिए । काउका विभागका गभर्नर अक्टाभियो गुज्मानले यसलाई नागरिकमाथिको अन्धाधुन्ध आक्रमण भन्दै कडा निन्दा गरेका छन् र सुरक्षा निकायहरू घटनास्थलमा खटिएको जानकारी दिँदै प्रभावित क्षेत्रमा जनताको सुरक्षा सुनिश्चित गर्न राष्ट्रिय सरकारलाई ठोस कदम चाल्न आग्रह गरेका छन् ।

# इराकमा लगातार ड्रोन आक्रमण नागरिक क्षेत्रमा ठुलो क्षति

बग्दाद, १३ वैशाख (सिन्ह्वा) । इराकको अर्ध-स्वायत्त कुर्दिस्तान क्षेत्रमा फेब्रुअरी २८ देखि अप्रिल २० सम्म ड्रोन र क्षेप्यास्त्रबाट ८०९ आक्रमण भएको स्थानीय अधिकारीहरूले बताएका छन् । ती आक्रमणमा २० जना सर्वसाधारणको मृत्यु भएको छ भने १२३ जना घाइते भएका छन् । कुर्दिस्तान क्षेत्रीय सरकारको सञ्चार तथा सूचना विभागले जारी गरेको विज्ञप्तिअनुसार अधिकांश आक्रमण नागरिक क्षेत्रलाई लक्षित गरेर गरिएको थियो, यद्यपि क्षेत्रले जारी क्षेत्रीय द्वन्द्वमा तटस्थता घोषणा गरेको छ ।

विज्ञप्तिमा नागरिक र निजी क्षेत्रले सबैभन्दा बढी मानवीय तथा भौतिक क्षति बेहोरेको उल्लेख गरिएको छ । एरबिल प्रान्तमा सबैभन्दा धेरै ४७७ आक्रमण भएका छन्, जसमा ४१९ ड्रोन आक्रमण र ५८ क्षेप्यास्त्र आक्रमण समावेश छन् । ती आक्रमणमा १० जनाको मृत्यु भएको छ भने ८३ जना घाइते भएका छन् ।

कुर्दिस्तान क्षेत्रीय सरकारले विभिन्न 'आधारहीन बहानामा' नागरिक क्षेत्रमा आक्रमण गरिएको जनाएको छ । यी आक्रमणहरू फेब्रुअरी २८ देखि सुरु भएको संयुक्त अमेरिकी-इजरायली आक्रमणपछि क्षेत्रीय तनाव बढेका बेला भएका हुन्, जसको प्रतिक्रिया स्वरूप इरान र उसका सहयोगीहरूले मध्यपूर्वभर अमेरिकी र इजरायली स्वार्थलाई लक्षित गर्दै आक्रमण गरेका छन् ।

# इन्डोनेसियामा अभियन्तामाथि लक्षित आक्रमण, सुरक्षा चुनौती गम्भीर

जकार्ता, १३ वैशाख (एएफपी) । इन्डोनेसियामा वातावरण तथा मानव अधिकार अभियन्ताहरूमाथि एसिड आक्रमणजस्ता हिंसात्मक घटनाहरू बढ्दै गएको देखिएको छ । फेब्रुअरीमा सुमात्रा टापुमा अभियन्ता मोहम्मद रोसिदीमाथि मोटरसाइकलमा आएका दुई व्यक्तिले कारको झ्यालबाट एसिड फ्याँकेपछि उहाँ गम्भीर रूपमा घाइते भएका थिए । एसिडले उहाँका हात, खुट्टा र शरीरका विभिन्न भागमा जलन र चोट पुर्‍याएको थियो । उहाँका अनुसार आक्रमण निकै पीडादायी थियो र उहाँ तत्कालै एसिड भएको बुझिसकेका थिए । उहाँले यो आक्रमण अवैध खानी र तस्करीविरुद्धको आफ्नो अभियानसँग सम्बन्धित हुन सक्ने आशङ्का गरेका छन्, तर अहिलेसम्म कुनै पक्राउ भएको छैन ।

यस्तै, राजधानी जाकार्तामा मानव अधिकार अभियन्ता आन्द्रिए युनुसमाथि पनि स्कुटरमा आएका व्यक्तिले एसिड फ्याँकेका थिए, जसका कारण उनको एक आँखाको दृष्टि गुम्ने खतरा रहेको छ ।

मानव अधिकार संस्थाहरूले इन्डोनेसियामा सरकारको आलोचना गर्ने व्यक्तिहरूमाथि दबाब र हिंसा बढ्दै गएको बताएका छन् । अभियन्ता, पत्रकार र नागरिक समाजका व्यक्तिहरू धम्की र आक्रमणको जोखिममा परेको रिपोर्ट सार्वजनिक भएको छ ।

सरकारी पक्षले आलोचनालाई स्वीकार गर्ने र अभिव्यक्ति स्वतन्त्रता कायम रहेको दाबी गरेको जनाएको छ । तर अधिकारकर्मीहरूका अनुसार एसिड आक्रमणजस्ता घटना डर फैलाउन र आलोचकहरूलाई चुप गराउने उद्देश्यले गरिएका हुन् ।

घाइते अभियन्ताहरूले कडा सुरक्षा चुनौतीका बाबजुद पनि आफ्नो अभियान जारी राख्ने बताएका छन् ।

# जापानमा मूल्यवृद्धिको असर 'भेन्डिङ मेसिन' बजारमा

टोकियो, १३ वैशाख (एएफपी) । जापानमा मूल्यवृद्धिका कारण 'भेन्डिङ मेसिन' बाट बिक्री हुने पेय पदार्थहरूको माग घट्दै गएको छ, जसले देशको लामो समयदेखि चलिआएको भेन्डिङ मेसिन संस्कृतिमा परिवर्तन ल्याइरहेको छ । जापानमा भेन्डिङ मेसिनहरू अत्यन्तै सामान्य छन्–यी पोस्ट अफिस, पार्क, रेल स्टेसन, सडक किनार मात्र होइन, माउन्ट फुजीजस्ता दुर्गम स्थानहरूमा समेत पाइन्छन् । तर अहिले उपभोक्ताको खर्च गर्ने व्यवहार बदलिँदै जाँदा यो व्यवसाय दबाबमा परेको छ ।

भेन्डिङ मेसिन एउटा स्वचालित यन्त्र हो, जसबाट मानिसले पैसा (नगद वा डिजिटल भुक्तानी) राखेर आफूलाई चाहिएको सामान तुरुन्त प्राप्त गर्न सक्छन् ।

यसमा सामान्यतया पेय पदार्थ, स्न्याक्स, चुरोट, खाना वा अन्य साना सामानहरू राखिएका हुन्छन् । ग्राहकले मेसिनमा पैसा हालेर वा कार्ड/मोबाइलबाट भुक्तानी गरेर बटन थिचेपछि सम्बन्धित वस्तु बाहिर निस्किन्छ । यसको मुख्य विशेषता भनेको मानव विक्रेताबिना २४ घण्टा नै सेवा दिन सक्नु हो ।

पछिल्ला वर्षहरूमा जापानमा जीवनयापन खर्च बढेको छ, जसले पेय पदार्थ उद्योगमा प्रत्यक्ष असर पारेको छ । इन्धन, ढुवानी, विद्युत् र मर्मत खर्च बढ्दा भेन्डिङ मेसिन सञ्चालन महँगो भएको छ । साथै, मेसिनहरूमा सामान भर्ने, मर्मत गर्ने र व्यवस्थापन गर्ने जनशक्तिको खर्च पनि बढेको छ । यी सबै कारणले कम्पनीहरूको नाफा घट्दै गएको छ ।

यसै क्रममा ठुला कम्पनीहरूले आफ्ना भेन्डिङ मेसिन नेटवर्क पुनर्गठन गर्न थालेका छन् । केही कम्पनीहरूले हजारौँ मेसिन हटाउने निर्णय गरेका छन् भने केहीले आफ्नो भेन्डिङ व्यवसाय नै बिक्री गर्ने तयारी गरेका छन् । कम्पनीहरूको मुख्य समस्या भनेको बढ्दो लागतका कारण पुरानो 'सूची मूल्यमा बिक्री गर्ने' मोडेल अब लाभदायक नहुनु हो ।

उपभोक्ताहरू पनि परिवर्तन हुँदै गएका छन् । पहिले सजिलो र तुरुन्त उपलब्ध हुने भएकाले भेन्डिङ मेसिन लोकप्रिय थियो, तर अहिले मूल्य बढेपछि धेरै मानिसहरू सुपरमार्केट, कन्भिनियन्स स्टोर वा औषधि पसलहरूमा पाइने सस्तो पेय पदार्थ रोज्न थालेका छन् । उदाहरणका लागि, भेन्डिङ मेसिनबाट पानी पनि तुलनात्मक रूपमा महँगो पर्ने भएकाले उपभोक्ताहरू अन्य विकल्पतर्फ आकर्षित भइरहेका छन् ।

साथै, वातावरणीय चेतनाको वृद्धि पनि अर्को कारण हो । केही मानिसहरूले एकपटक प्रयोग हुने प्लास्टिक बोतल वा क्यान कम गर्न आफ्नै पुन:प्रयोग गर्न मिल्ने बोतल बोकेर हिँड्न थालेका छन्, जसले भेन्डिङ मेसिनको बिक्रीमा थप असर पारेको छ ।

यद्यपि विशेषज्ञहरूका अनुसार भेन्डिङ मेसिन पूर्ण रूपमा हराउने सम्भावना छैन । जापानमा यसको सबैभन्दा ठुलो विशेषता भनेको सुविधा हो–लगभग जुनसुकै ठाउँमा छोटो दूरीमै मेसिन भेटिन्छ, जुन सुविधा अन्य माध्यमले सजिलै प्रतिस्थापन गर्न सक्दैन । तर भविष्यमा कम्पनीहरूले नाफा बचाउनका लागि कम स्थानमा, बढी रणनीतिक र उच्च माग भएका क्षेत्रमा मात्र मेसिन राख्ने प्रवृत्ति बढ्ने अपेक्षा गरिएको छ ।

# पाकिस्तानमा तय इरान–अमेरिका वार्ता अनिश्चित, यात्रा रद्द

वासिङ्टन, १३ वैशाख (एपी) । संयुक्त राज्य अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानसँगको सम्भावित दोस्रो चरणको वार्ताका लागि पाकिस्तान जाने तयारीमा रहेका अमेरिकी प्रतिनिधिमण्डलको यात्रा रद्द गरिदिएको छन् । उनले सामाजिक सञ्जालमार्फत जानकारी दिँदै लामो यात्रा समय, कार्यभारको चाप तथा इरानी नेतृत्वभित्र देखिएको असमझदारीका कारण उक्त निर्णय गरिएको हास्यास्पद दाबी गरेका छन् ।

राष्ट्रपति ट्रम्पले अमेरिकासँग वार्तामा सबै आवश्यक शक्ति रहेको बताउँदै यदि इरान पक्षले संवाद गर्न चाहन्छ भने सिधै सम्पर्क गर्न सकिने धारणा व्यक्त गरेका छन् । यसअघि पनि उनले आफ्ना ज्वाइँ जेरेड कुश्नर र विशेष दूत स्टीभ विटकोफको पाकिस्तान भ्रमण स्थगित गरिएको जानकारी गराएका थिए ।

यसैबिच, इरानका विदेशमन्त्री सैयद अब्बास अराघचीले पाकिस्तानको औपचारिक भ्रमण सम्पन्न गरी इस्लामाबाद छोड्नुभएको छ । उहाँले पाकिस्तानको शान्ति प्रयास तथा मध्यस्थ भूमिकाको प्रशंसा गर्दै यसलाई फलदायी भ्रमणका रूपमा वर्णन गर्नुभएको छ भने अमेरिकी पक्षको कूटनीतिक प्रतिबद्धताबारे प्रश्नसमेत उठाउनुभएको छ ।

उता, अमेरिका र इरानबिचको तनावपूर्ण अवस्थाका बिच फारसको खाडी क्षेत्रमा सुरक्षा सतर्कता बढाइएको छ । अमेरिकी नौसेनाले समुद्री मार्ग सुरक्षित गर्न खानी हटाउने कार्य जारी राखेको छ भने होर्मुज जलडमरूमध्यमा व्यापारिक जहाजहरूको आवागमन सहज बनाउन प्रयास भइरहेको जनाइएको छ ।

# क्षयरोग र मानसिक स्वास्थ्य: मौन पीडालाई बुझ्ने समय

✍ डा. इश्वरी खनाल

क्षयरोग (टीबी) निको हुन्छ । यो उपचार सम्भव र रोकथाम गर्न सकिने रोग हो । तर, हाम्रो समाजमा यसलाई हेर्ने दृष्टिकोणले प्रायः बिरामीलाई शारीरिक रोगभन्दा ठूलो मानसिक आघात दिन्छ । क्षयरोगले व्यक्तिको शरीरमात्र होइन, उसको मन, भावना र सामाजिक अस्तित्वमा समेत गहिरो चोट पुऱ्याउँछ । यो चोट, अर्थात् मानसिक स्वास्थ्यको पक्ष, प्रायः उपेक्षित रहन्छ ।

क्षयरोग र मानसिक स्वास्थ्यबिचको सम्बन्ध दुईतर्फी बाटो जस्तो छ । क्षयरोगले डिप्रेसन, चिन्ता र आत्मविश्वासको ह्रास निम्त्याउन सक्छ भने पहिलेदेखि नै मानसिक समस्याले ग्रस्त व्यक्तिमा क्षयरोगको उपचार प्रभावकारी नहुन सक्छ । त्यसैले, यी दुई समस्यालाई सँगै सम्बोधन गर्नु अबको आवश्यकता र बाध्यता दुवै हो ।

**रोग पत्ता लागेपछि मनमा के चल्छ ?**

क्षयरोग पुष्टि हुनासाथ धेरै बिरामी तनाव, डर र चिन्ताको भुमरीमा फस्छन् । मृत्युको डर, परिवारमा रोग सर्ने चिन्ता, लामो उपचारको थकान, भविष्यप्रतिको अनिश्चितता र उपचारकै कारण निम्तिने सामाजिक अलगाव- यी सबैले बिरामीलाई मानसिक रूपमा धराशायी बनाउँछन् । ६ महिना वा सोभन्दा लामो उपचार अवधि उसको धैर्य र मानसिक सन्तुलनको परीक्षा बन्न पुग्छ ।

**देखिने समस्या: डिप्रेसनदेखि कलङ्कसम्म**

क्षयरोगीहरूमा डिप्रेसन (अवसाद) सबैभन्दा सामान्य समस्या हो । लगातारको उदासी, रुचिमा ह्रास, अत्यधिक थकान र निद्रामा गडबडीजस्ता लक्षणले बिरामीलाई नियमित औषधि सेवनबाट टाढा बनाउन सक्छन् । त्यस्तै, रोगको डर, आर्थिक अभाव र समाजको प्रतिक्रियाले चिन्ता विकार (एन्जाइटी) उत्पन्न गराउँछ ।

तर, सबैभन्दा क्रूर पक्ष 'सामाजिक कलङ्क' हो । 'क्षयरोग छ' भन्ने थाहा पाएपछि समाजले हेर्ने दृष्टिले बिरामीलाई अपराधीजस्तो महसुस गराउँछ । सामाजिक बहिष्कार, लाज, अपराधबोध र आत्मसम्मानको पतनले बिरामीलाई एकान्तमा धकेल्छ, जसले मानसिक तनावलाई थप चुलिदिन्छ ।

**मानसिक समस्याले उपचारलाई कसरी जोखिममा राख्छ ?**

डिप्रेसन वा चिन्ताका कारण बिरामीले नियमित औषधि नखाँदा, फलोअप छुटाउँदा वा उपचार बीचमै छोड्दा औषधि प्रतिरोधी क्षयरोग हुने जोखिम बढ्छ । अनुसन्धानहरूले देखाएका छन् - डिप्रेसन भएका क्षयरोगीहरूको उपचार पूरा गर्ने दर निकै कम हुन्छ । केही अवस्थामा क्षयरोगका औषधिले समेत मानसिक भ्रम पैदा गर्न सक्छन् । त्यसैले उपचारका क्रममा मानसिक अवस्थाको नियमित निगरानी अनिवार्य छ ।

**एकीकृत उपचार: समाधानको बाटो**

यी सबै समस्याको एकमात्र समाधान 'एकीकृत उपचार' हो । क्षयरोगको उपचारसँगै मानसिक स्वास्थ्य सेवालाई अनिवार्य रूपमा जोड्नैपर्छ । स्वास्थ्यकर्मीहरूले औषधि मात्र दिने नभई डिप्रेसन र चिन्ताको स्क्रिनिङ, मनोसामाजिक परामर्श, परिवारलाई सही जानकारी, समुदायमा सचेतना र सामाजिक समर्थनको प्रबन्ध गर्नुपर्छ । यसले उपचार सफलताको दर उल्लेख्य रूपमा बढाउँछ ।

**परिवार र समुदाय: सहयात्री बन्न सकिन्छ**

क्षयरोग निको हुने यात्रामा परिवार र समुदायको भूमिका सबैभन्दा महत्त्वपूर्ण हुन्छ । भावनात्मक साथ, भेदभावको अन्त्य, औषधि सेवनमा प्रोत्साहन र सही जानकारी फैलाउने काममा कलङ्कको पर्खाल भत्काउन सकिन्छ । बिरामीले परिवार र समाजको साथ पाएमा उसको आत्मविश्वास फर्कन्छ र उपचारप्रतिको प्रतिबद्धता बलियो हुन्छ ।

**आत्म-हेरचाह: आफैँले आफ्नो साथ**

क्षयरोगीले आफैँले पनि केही सरल उपाय अपनाउन सक्छन् :

दैनिकीमा नियमितता ल्याउने ।

ध्यान (मेडिटेसन) वा रिल्याक्सेसन अभ्यास गर्ने ।

परिवार र साथीहरूसँग जोडिएर रहने ।

पौष्टिक आहारमा विशेष ध्यान दिने ।

मानसिक समस्या महसुस भएमा तुरुन्त विशेषज्ञको सहयोग लिने ।

क्षयरोगविरुद्धको लडाइँ केवल जीवाणुसँगको सङ्घर्ष मात्र होइन, यो मानिसको आत्मबल, आशा र मानसिक स्वास्थ्यसँग पनि जोडिएको यात्रा हो । जब समाजले कलङ्कको सट्टा सहानुभूति रोज्छ, परिवारले साथ दिन्छ र स्वास्थ्य सेवाले शरीरसँगै मनको उपचारलाई प्राथमिकता दिन्छ, तब मात्र क्षयरोग नियन्त्रणको लक्ष्य वास्तविक रूपमा हासिल गर्न सकिन्छ ।

***(सहायक प्राध्यापक डाक्टर खनाल मानसिक अस्पताल, लगनखेलका वरिष्ठ कन्सल्टेन्ट साइक्याट्रिस्ट ( दसौँ तह) हुन् ।)***

# पर्यटकको पर्खाइमा थोरङ फेदी

मुस्ताङ, १३ वैशाख । समुद्री सतहदेखि पाँच हजार ४१६ मिटरको उचाइको (मनाङ-मुस्ताङ) थोरङलापास पदमार्ग कठिन छ । यही पर्यटकीय पदमार्ग पछ्याउँदै विदेशी पर्यटक लमजुङको बेँसीसहरबाट पदयात्रा सुरु गरेर मनाङ हुँदै थोरङलापास छिचोल्दै मुस्ताङ प्रवेश गर्ने गर्छन् । मुस्ताङ भित्रिएका अधिकांश विदेशी पर्यटक मनाङबाट थोरङलापास पदमार्ग हुँदै मुस्ताङ आइपुग्छन् ।



गण्डकी प्रदेशको कास्की, लमजुङ, मनाङ, मुस्ताङ र म्याग्दी जिल्लालाई राउन्ड अन्नपूर्ण चक्रीय पदमार्ग भनिन्छ । हप्तौँहप्ता लाग्ने यही पदमार्ग अहिले सडक सञ्जालका कारण छोट्टिँदै जान थालेको छ । सडक कनेक्टिभिटीले राउन्ड अन्नपूर्ण सर्किटका धेरै ठाउँको पदयात्रा खुम्चिँदै गरे पनि (मनाङ-मुस्ताङ) थोरङलापास पदमार्ग जीवन्त छ । थोरङपास पदमार्ग साहसिक पदयात्रा गर्ने पर्यटकका लागि उपयुक्त पर्यटकीय गन्तव्यका रूपमा स्थापित भइसकेको छ ।

बर्सेनि ६ महिना निकै चहलपहल हुने थोरङलापास पदमार्ग ६ महिना अवधि भने सुनसान हुन्छ । वर्षको याम चल्ने थोरङलापास पदमार्गमा फेब्रुअरीदेखि अप्रिलसम्म र सेप्टेम्बरदेखि अक्टुबरसम्म विदेशी पर्यटकको पदयात्रा चलायमान हुने गर्छ । साहसिक पदयात्राका लागि महत्त्वपूर्ण पर्यटकीय गन्तव्य बनेको थोरङलापास पदमार्ग रोमाञ्चक, चुनौतीपूर्ण र कष्टकर पदयात्राका रूपमा लिने गरिएको छ ।

बर्सेनि हिउँदयामको पूर्वसन्ध्या तीन महिना र बर्खायामको पूर्वसन्ध्या तीन महिनामात्रै थोरङलापासमा विदेशी पर्यटकले पदयात्रा गर्ने गर्छन् । यही पदयात्राको सिजनलाई पछ्याउँदै मनाङ-मुस्ताङ थोरङ फेदीमा पछिल्लो समय आठवटा पर्यटक लक्षित होटल तथा रेष्टुरेन्ट सञ्चालनमा छन् । सिजनका बेला होटल चलाउने र अफसिजनको बेला होटल बन्द गरी त्यहाँका पर्यटन व्यवसायी आफ्नो गन्तव्यतर्फ लाग्छन् ।

टङ्की मनाङबाट थोरङ फेदीमा तीन वर्षदेखि होटल चलाउँदै आउनुभएकी नामगाम गुरुङले थोरङफेदीको अल्पकालीन व्यापार सन्तोषजनक रूपमा चलेको बताउनुभयो । बर्खायाममा गाउँ फर्किने र हिउँदयाममा काठमाडौँ झर्ने गर्नुभएकी व्यवसायी गुरुङले सिजनको समय थोरङफेदीमा बसेर व्यापार गर्ने गरेको बताउनुभयो ।

थोरङ फेदीमा होटल चलाएर बसेका डोल्पाका अर्का पर्यटन व्यवसायी छेवाङ गुरुङले थोरङलापास पदयात्राको सिजनमा व्यापार गरी बस्ने र अन्य समयमा गाउँमै गएर खेतीपातीको काम गर्ने गरेको बताउनुभयो । समुद्री सतहको चार हजार २०० मिटरको उचाइमा अवस्थित थोरङफेदीको प्रतिकूल मौसमलाई सहँदै व्यापार व्यवसाय चलाएर बसेको गुरुङको भनाइ छ । "घर अर्काको हो, हामीले यहाँ भाडा तिरेर होटल चलाएका हौँ, सिजन चलेका बेला कहिले राम्रै व्यापार हुन्छ, कहिले हुँदै हुँदैन", भन्नुभयो ।

केही वर्षअघि मनाङ-मुस्ताङ पदमार्ग थोरङलापासको थोरङ फेदीसम्म सडकको पहुँच पुगेको थिएन । पछिल्लो समय बारागुङ मुक्तिक्षेत्र-२ छेङगुर हुँदै थोरङ फेदीसम्म कच्ची सडक विस्तार भइसकेको छ । सडकको पहुँच पुगेकाले खाद्यान्न तथा होटल रेष्टुरेन्टलाई चाहिने मालसामान ढुवानी गर्न सहज भएको छ ।

दुई ठूला विशाल अग्ला पहाडको खोँचमा अवस्थित थोरङ फेदीमा पर्यटक पर्खिएर बसेका व्यवसायी अफसिजन हुँदा होटल बन्द गरी त्यहाँबाट अन्यत्र जाने चलन छ ।

थोरङपासमा एउटा कफीसप सञ्चालनमा छ भने त्यहाँबाट चार घण्टा पैदल हिँडेपछि थोरङफेदीमा आठ दशवटा होटल छन् । थोरङफेदीमा सबै होटल बन्द हुने भए पनि एउटा होटल भने बाह्रै महिना सञ्चालनमा रहन्छ । मनाङ-मुस्ताङ थोरङपास गर्दै मुस्ताङ प्रवेश गर्नुभएका सोलुखुम्बकी १९ वर्षीया पर्यटक पथप्रदर्शक बिबिसा रावतले १० दिनको पदयात्रा गर्दै थोरङफेदी आइपुगेको बताउनुभयो । थोरङपास पदमार्ग जोखिम र साहसिक पदयात्रा भएको उहाँले बताउनुभयो ।

*पराराष्ट्र...*

अर्थमन्त्री जनार्दन शर्माले पेस गरेको प्रस्ताव प्रतिनिधिसभाको दोस्रो बैठकले अनुमोदन त गऱ्यो । तर, 'एमसीसी सैन्य रणनीतिको हिस्सा नभएको' प्रस्ट पारेर मात्र । व्याख्यात्मक टिप्पणीमा 'एमसीसी अमेरिकी सैन्य रणनीति नरहेको, आयोजनाको लेखा परीक्षण नेपालले नै गर्ने, आयोजनाबाट प्राप्त हुने बौद्धिक सम्पत्तिमा नेपालको स्वामित्व रहने, ३० दिने सूचनाका आधारमा सम्झौता खारेज गर्न सकिनेजस्ता प्रावधान उल्लेख गरिएका छन् । व्याख्यात्मक टिप्पणी संसद्बाट पारित गरिए पनि पूर्वपरराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले एउटा कार्यक्रममा संसद्बाट पारित प्रस्ताव अमेरिकी सरकारसमक्ष नपुऱ्याइएको बताएका छन् । त्यसले दुई छिमेकी देशलाई सशङ्कित बनाएको बताइन्छ ।

बीआरआईमा सजिलै सहमति भयो त ? केपी शर्मा ओली नेतृत्वको तत्कालीन सरकार यति दबाबमा थियो कि त्यसले ७ वर्षपछि पेइचिङमा गुपचुप 'बीआरआई को-अपरेसन फ्रेमवर्क' मा सहमति गर्नुपऱ्यो । बीआरआई सहमति नगर्न अमेरिका मात्र नभई भारतको पनि ठूलो दबाब रहेकाले निकै सुझबुझसाथ सहमति गरिएको त्यसमा सहभागी एकजना प्रतिनिधिले सुनाएका थिए । २०८१ मङ्सिर १९ गते पेइचिङमा सहमति गर्नुअघि प्रधानमन्त्री ओलीले तत्कालीन सहयात्री दल नेपाली काङ्ग्रेसका सभापति शेरबहादुर देउवा, परराष्ट्रमन्त्री आरजु राणा र काङ्ग्रेसका महामन्त्री गगन थापाको सक्रिय सहयोग र सहमति लिएका थिए । एमसीसी सैन्य रणनीति नभएको भन्ने व्याख्यात्मक टिप्पणीपछि संसद्बाट पारित गरिएझैँ बीआरआई पनि ऋणमा नभई अनुदानमा आधारित हुने भनिएपछि १० वटा आयोजना अगाडि बढाउने गरी सहमति गरिएको थियो ।

यही सहमति प्रधानमन्त्री ओली र देउवाका निम्ति गलपासो साबित भएको ओली निकटस्थ नेताहरूको विश्लेषण छ । ओली नजिक मानिने एक नेता भन्छन्, "बीआरआई फ्रेमवर्कमा हस्ताक्षर, भिक्ट्री डे परेड अर्थात् चीनले जापानलाई हराएको दिन पारेर हरेक वर्ष गरिने सैन्य परेडमा सहभागी र रुसका राष्ट्रपति भ्लादिमिर पुटिनसँगको 'वन टु वन' वार्ता ओली सरकार ढल्नुको कारण बन्यो ।" के यस्तो भू-राजनीतिक जञ्जाल सरकारमा आएका रास्वपाका नेतृत्वलाई थाहा छैन होला ? पक्कै छ । त्यसैले ती आफ्नो प्रतिबद्धतामा समदूरी मात्र भनिरहेका छैनन्, समनिकट भन्न पनि बाध्य छन् ।

दाबी र वाचा गर्नु एउटा कुरा, व्यवहारमा देखाउनु अर्को कुरा । हामीले देखिरहेकै छौँ- भदौ २३ र २४ बाट बनेका दुई सरकारलाई इतिहासमै पहिलोचोटि दलाई लामा र निर्वासित तिब्बती सरकारका प्रमुख पेन्पा छिरिङको शुभकामना आउँछ । अमेरिकी मिडियाले तारन्तार बालेन्द्र शाहलाई मुख्यपृष्ठमा स्थान दिएर 'ग्लोरिफाइ' गरिरहेको छ । तर्क गरिएला- 'सार्वभौम देशका प्रधानमन्त्रीले जसले दिए पनि शुभकामना लिन किन नपाउने ?' अवश्य पाइन्छ । तर, विकसित यी सबै घटनाक्रमले हाम्रो भूमिमा आएर अमेरिकाको 'हड्डी-पसली एक गर्छु' भन्ने छिमेकीले दबाब बढाउन थालिसकेको छ ।

के विश्वको नम्बर एक शक्ति हुने दौडमा रहेको र सिमाना जोडिएको देशको दबाब हामी थेग्न सक्छौँ ? सक्दैनौँ भन्ने एउटा सानो उदाहरण हेरौँ– हुम्लाकी जेन-जी नेता टासी ल्हाजोमलाई रास्वपाले छिमेकीका निम्ति तिनका राष्ट्रिय सुरक्षा स्वार्थ पहिलो प्राथमिकता हुन्छ । समकालीन विश्वमा चीन र अमेरिका





समानुपातिकको आदिवासी जनजाति सूचीमा राख्नासाथ उनलाई हटाउन कूटनीतिक दबाब आयो । अमेरिकी युथ काउन्सिलकी सदस्य टासीलाई फ्री तिब्बत मुभमेन्टमा लागेको चिनियाँ पक्षको आरोप थियो ।

बालेन सरकार बन्नासाथ अमेरिकी दूतावासले सरकारसँग 'समृद्धि र सुरक्षा' मा सहकार्य गर्ने भन्दै शुभकामना सन्देश निकाल्यो । सुरक्षा सहकार्य शब्दले छिमेकीलाई झस्काएको भनिन्छ । यसअघि भदौ २४ को विध्वंसमा संलग्न तिब्बती ओरिजिनल ब्लड (टीओबी) का युवा फ्री तिब्बत आन्दोलनमा जोडिएका छन् भन्दै चीनले सरकारसँग गम्भीर चासो देखाइसकेको छ । हरेक मोर्चाबाट युद्ध लडिरहेका छन्, जसको छाया हाम्रोमा पनि प्रस्टै देखिन्छ । जेन-जी विद्रोहमा अमेरिकन काउन्सिलमा आबद्ध युवाको सक्रिय संलग्नता देखेको चीनले पनि नेपालभित्र त्यस्तै युवा क्लब बनाउन खोजिरहेको छ । अमेरिकी दूतावासको 'युथ काउन्सिल' ले सन् २०२६ का लागि गत चैत २४ गते ५५ जना २०-३० वर्षका युवाका निम्ति सीट आह्वान गऱ्यो ।

**'नेपाल प्रथम: नेपाली प्रथम'**

उसो भए यस खेलमा भारत कहाँ छ ? त्यसको रामकहानी झन् रोचक छ । म प्रधानमन्त्री बालेन्द्र शाहको चुनाव प्रचार अभियान स्मरण गराउन चाहन्छु । तपाईंलाई याद छ, उनले जनकपुरधाममा पूजापाठ गरी थालेको मठमन्दिरलक्षित देशव्यापी चुनावी अभियान गोरखा दरबारमा समापन भएको ? त्यसलाई जुन तरिकाले प्रचार गरिएको थियो, त्यसको रणनीतिक महत्त्व प्रस्ट देखिन्छ । त्यसपछि शपथग्रहण कार्यक्रममा १०८ बटुक र १६ जना बौद्ध लामाको कर्मकाण्डको राजनीतिका पछाडि नेपालमा सक्रिय भारतीय संस्था राष्ट्रिय स्वयंसेवक (आरएसएस) को भगिनी सङ्गठन हिन्दू स्वयंसेवक सङ्घ, नेपालजस्ता सङ्गठनको प्रभावमा गरिएको थियो । त्यसैले शपथग्रहणमा आरएसएसले दुश्मनका रूपमा प्रचार गर्ने इस्लाम र इसाई धर्मगुरुलाई प्रवेश नै दिइएन । तिनका के कुरा, सनातनीभित्र पर्ने दर्जनौँ पन्थका गुरुलाई समेत शपथग्रहणमा सहभागी गराइएन ।

आरएसएससँग निकटको सम्बन्ध रहेका प्रधानमन्त्रीका प्रमुख सल्लाहकार कुमार व्यञ्जनकार 'बेन' ले चुनावअघि र पछि प्रधानमन्त्री शाहको चुनावी रणनीतिमा त्यसका प्रचारकसँग बारम्बार भेट गरिरहेका थिए । रास्वपाको परराष्ट्र नीतिमा उल्लेखित 'नेपाल प्रथम: नेपाली प्रथम' अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको 'अमेरिका फर्स्ट' र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको 'इन्डिया फर्स्ट' विदेश नीतिसँग मात्र मिल्दैन, सङ्घ परिवार मातहतको 'नेपाल प्रथम राष्ट्रिय अभियान' को नारासँग पनि ठ्याक्कै मिल्छ ।

यसैबिच वैशाख ७ गते अमेरिकी विदेश मन्त्रालयका दक्षिण तथा मध्य एसियाली मामिलासम्बन्धी सहायकमन्त्री समिर पल कपुर तीनदिने भ्रमणका निम्ति नेपाल आएका छन् । बालेन्द्र शाहको नेतृत्वमा नयाँ सरकार बनेपछि नेपाल आउने उनी पहिलो विदेशी उच्च अधिकारी हुन् । उनी अरू बेलाजस्तो पाकिस्तान वा भारत हुँदै आएका होइनन्, सीधै नेपाल उत्रिएका छन् । उनी आउनुअघि अमेरिकाले नेपाललाई आफ्नो ट्राभल एडभाइजरी (भ्रमण सुझाव) लाई लेभल ३ बाट घटाएर लेभल २ मा झारेको छ ।

नेपालका हरेक तहमा शक्ति राष्ट्रहरूको चासो मात्र नभई गहिरो प्रभाव र असर रहेको हामीले भोग्दै आइरहेको धरातलीय यथार्थ हो । यस्तो भू-राजनीतिलाई नयाँ सरकारले कति तटस्थ राख्न सक्छ, त्यो सरकारको नीति र कार्यक्रमले भन्दा उसको व्यवहारले नै देखाउनेछ । त्यसैले, सरकारले असंलग्नताको राप अलापेर मात्र हुँदैन । आफ्नो तटस्थता व्यवहारले देखाउन सक्नुपर्छ, जसको परीक्षण निकट भविष्यमै हुनेवाला छ ।

# अन्तर्राष्ट्रिय चिनियाँ भाषा दिवस समारोह सम्पन्न

काठमाडौँ, १३ वैशाख । त्रिभुवन विश्वविद्यालय कन्फ्युसियस इन्स्टिच्युटको आयोजना र नेपालस्थित चीन सांस्कृतिक केन्द्र, काठमाडौँ विश्वविद्यालय कन्फ्युसियस इन्स्टिच्युट, एलआरआई कन्फ्युसियस कक्षा तथा चाइना साउदर्न एयरलाइन्सको सहआयोजनामा 'रङ्गीन सपनाहरू साकार पार्न चिनियाँ भाषा' भन्ने उद्घोषका साथ अन्तर्राष्ट्रिय चिनियाँ भाषा दिवस-२०२६ आइतबानेपालस्थित चिनियाँ राजदूतावासका राजदूत चाङ माओ मिंगले लामो समयदेखि नेपालमा चिनियाँ भाषा शिक्षामा समर्पित भई नेपाल-चीन सांस्कृतिक आदान-प्रदानलाई प्रगाढ बनाउने तथा सभ्यताबिच पारस्परिक समझदारीलाई सुदृढ गर्ने सबै महानुभावहरूप्रति उच्च सम्मान व्यक्त गर्दै धन्यवाद ज्ञापन गर्नुभयो ।

उहाँले चिनियाँ भाषाले दृढता, आत्मनिर्भरता र पूर्वीय ज्ञानको धरोहर बोकी खुलापन र सहिष्णुताको भावनाका साथ संसारलाई जोड्ने, समकालीन चीनलाई अनुभव गर्न, सभ्यताबिच आदान-प्रदान बढाउन र सपना देख्नेहरूलाई आफ्नो लक्ष्य प्राप्त गर्न मार्गदर्शन गर्ने पुलको रूपमा काम गरिरहेको बताउनुभयो ।

उहाँले चीन र नेपाल भौगोलिक रूपमा जोडिएका र ऐतिहासिक मित्रराष्ट्रहरूबिच भाषा र सांस्कृतिक आदान-प्रदान सम्बन्धको सबैभन्दा न्यानो र दीर्घकालीन आधार हो भन्दै नेपालका कन्फ्युसियस इन्स्टिच्युटहरू, चीन सांस्कृतिक केन्द्र तथा करिब सय स्थानीय विद्यालयहरूले गुणस्तरीय चिनियाँ भाषा शिक्षा प्रदान गर्दै शिक्षा, संस्कृति र जनस्तरको सम्बन्धलाई अझ सुदृढ बनाएको छ भन्नुभयो ।

चिनियाँ भाषामार्फत सभ्यताको ढोका खोल्न, चिनियाँ भाषालाई पखेटा बनाएर हिमाल र समुद्र पार गर्दै नयाँ संसार अनुभव गर्न, चिनियाँ भाषालाई पुल बनाएर पुरानो मित्रतालाई निरन्तरता दिँदै चिनियाँ भाषालाई माध्यम बनाएर आफ्नो जीवनका रङ्गीन सपनाहरू साकार पार्न उहाँले सबै युवाहरूलाई आह्वान गर्नुभयो ।

त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा. दीपक आर्यालले नेपालस्थित चिनियाँ राजदूतावासलगायत चिनियाँ विश्वविद्यालयहरूसँग वैज्ञानिक अनुसन्धान, शैक्षिक तथा सांस्कृतिक सहकार्यप्रतिको निरन्तर प्रतिबद्धताको प्रशंसा गर्नुभयो । त्रिभुवन विश्वविद्यालयले ज्ञान प्रवाहसँगै विभिन्न संस्कृतिबिच बौद्धिक पुल निर्माण गर्ने जिम्मेवारी बोकेको उल्लेख गर्दै उहाँले चिनियाँ भाषा शिक्षासँग विश्वविद्यालयको सम्बन्ध सन् १९६१ देखि नै सुरू भएको स्मरण गराउनुभयो ।



त्रिभुवन विश्वविद्यालयमा कन्फ्युसियस इन्स्टिच्युट स्थापना भएपछि भाषा अध्ययन, सांस्कृतिक आदानप्रदान तथा शैक्षिक सहकार्य अझ व्यवस्थित रूपमा अघि बढेको बताउँदै हाल करिब ७०० विद्यार्थीले काठमाडौँ उपत्यकादेखि पोखरासम्म फैलिएका १४ शिक्षण केन्द्रमार्फत चिनियाँ भाषा अध्ययन गरिरहेको जानकारी दिनुभयो ।

उहाँले भविष्यमा चिनियाँ भाषासहित अन्य अन्तर्राष्ट्रिय भाषामा स्नातक तहका कार्यक्रम सुरू गर्ने तथा चिनियाँ विश्वविद्यालयहरूसँग शैक्षिक आदानप्रदान र संयुक्त अनुसन्धानलाई थप सुदृढ बनाउने योजना रहेको बताउनुभयो ।

त्रिभुवन विश्वविद्यालय कन्फ्युसियस इन्स्टिच्युटका चिनियाँ संस्थापक विश्वविद्यालय, इस्ट चाइना युनिभर्सिटी अफ टेक्नोलोजीका उपकुलपति तङ च्यु-चर्रले चिनियाँ भाषा हजारौँ वर्ष पुरानो सभ्यताको अमूल्य सम्पदा भएको उल्लेख गर्दै यो सञ्चारको माध्यम मात्र नभई विभिन्न क्षेत्र र संस्कृतिलाई जोड्ने महत्त्वपूर्ण सेतु भएको बताउनुभयो ।

उहाँले त्रिभुवन विश्वविद्यालयमा कन्फ्युसियस इन्स्टिच्युट स्थापना भएदेखि नै सांस्कृतिक आदानप्रदान र पारस्परिक सिकाइको उद्देश्यमा दृढ रहँदै नेपाल-चीनबिच भाषा शिक्षा सांस्कृतिक सहकार्यमा उल्लेखनीय योगदान दिएको बताउनुभयो ।

छिङ्हाई मिनचु विश्वविद्यालयका उपकुलपति शियाओ यु-लानले भिडियो सन्देशमार्फत कार्यक्रममा सम्बोधन गर्दै नेपालमा चिनियाँ भाषा शिक्षा प्रवर्द्धनमा संलग्न सबैप्रति आभार व्यक्त गर्नुभयो ।

उहाँले चिनियाँ भाषा हजारौँ वर्ष पुरानो सभ्यताको ज्ञान बोकेको महत्त्वपूर्ण सांस्कृतिक सम्पत्ति भएको उल्लेख गर्नुभयो । 'बेल्ट एन्ड रोड इनिसिएटिभ' ले अन्तर्राष्ट्रिय सहकार्य र जनस्तरको सम्बन्ध विस्तारमा नयाँ अवसर सिर्जना गरेको र यसले उच्च शिक्षालाई समेत नयाँ जिम्मेवारी दिएको बताउनुभयो ।

त्रिभुवन विश्वविद्यालय कन्फ्युसियस इन्स्टिच्युटका चिनियाँ निर्देशक प्रा. चाङ शिङ्ग नियनले त्रिभुवन विश्वविद्यालय कन्फ्युसियस इन्स्टिच्युट 'शून्य' बाट 'अस्तित्व' हुँदै 'सकृयता'सम्मको चार वर्षे यात्रा सफलतापूर्वक पूरा गरेको जनाउँदै, यस छोटो अवधिमा त्रिभुवन विश्वविद्यालयमा चिनियाँ भाषा शिक्षालाई व्यापक बनाउँदै चीन-नेपाल मित्रताको इतिहासमा नयाँ आयाम थपेको उल्लेख गर्नुभयो ।

त्रिभुवन विश्वविद्यालय कन्फ्युसियस इन्स्टिच्युटका नेपाली पक्षका निमित्त निर्देशक डा. बलराम दुवालले समारोहमा चिनियाँ भाषा शिक्षक तथा विद्यार्थीहरूको मनमोहक प्रस्तुतिले कार्यक्रमलाई अझ आकर्षक बनाएको उल्लेख गर्दै उपस्थित सम्पूर्ण अतिथि, सहकर्मी, विद्यार्थीहरू, विभिन्न शैक्षिक तथा सांस्कृतिक संस्थाका प्रतिनिधि, सञ्चारकर्मीलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

उहाँले त्रिभुवन विश्वविद्यालय कन्फ्युसियस इन्स्टिच्युटले छोटो अवधिमा चिनियाँ भाषा शिक्षाको प्रवर्द्धन र नेपाल-चीन सांस्कृतिक आदान-प्रदानमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको उल्लेख गर्नुभयो ।

कार्यक्रममा चिनियाँ तथा नेपाली गीत-सङ्गीत, नृत्य, थाई-ची, कविता वाचन, नाट्य प्रस्तुति तथा सुलेखन, कागज काट्ने कला र चिनियाँ चिया संस्कारजस्ता गतिविधिहरूमार्फत चिनियाँ भाषा र संस्कृतिको विविधता जीवन्त रूपमा प्रस्तुत गरिएको थियो ।

# लम्कीचुहामा धन्यवाद कार्यक्रम

कैलाली, १३ वैशाख । नेपाल मजदुर किसान पार्टी कैलालीको आयोजनामा लम्कीचुहा नपा वडा नं. १ थपालीपुरमा मतदाताहरूलाई धन्यवाद तथा केन्द्रीय समितिको बैठकको सन्देश कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं कैलाली संयोजक रमेशकुमार रावलले प्रतिनिधिसभा सदस्य निर्वाचनमा मादल चिह्नमा छाप हाल्ने मतदाताहरूलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

उहाँले नेमकिपाको हालै सम्पन्न केन्द्रीय समितिको बैठकको सन्देशलाई जनताको बिचमा पुऱ्याउने काम भइरहेको बताउनुभयो । उहाँले नेमकिपाले स्थापना कालदेखि देश र जनताको नि:स्वार्थ सेवा गर्दै आएको पार्टी हो भन्नुभयो ।

केन्द्रीय सदस्य रावलले नेमकिपाले चुनाव बेला मतदातालाई आफ्नो घोषणापत्रबारेमा राम्रोसँग जानकारी गरी मत हाल्न आग्रह गरेको बताउनुभयो । उहाँले पुराना शासक पार्टी र नयाँ पार्टीले चुनाव जित्न झूटा आश्वासन बाँड्ने, आतङ्क मच्चाउने, विदेशी शक्तिसामु झुकेको जनताको गुनासो सुनिँदै छ भन्नुभयो ।

नेमकिपाले चुनावलाई वर्गसङ्घर्षको रूपमा लिएको उल्लेख गर्दै उहाँले मतदाताको भावना र विचारअनुसार मत मागेको स्पष्ट पार्नुभयो । नेमकिपाले योग्यताअनुसारको काम र कामअनुसारको पारिश्रमिकको व्यवस्था गर्न नेमकिपाको घोषणापत्र नै कार्यन्वयन हुनु आवश्यक भएको उहाँले बताउनुभयो ।

उहाँले भन्नुभयो, "संरा अमेरिकी ट्रम्प प्रशासनले इरानको इन्धन कब्जा गर्न इरानमा सैनिक आक्रमण गरेको हुँदा विश्वमै इन्धन र खाद्यान्न अभाव भयो । नेपालमा पनि इन्धनको मूल्य बढ्यो । यसको दोषी ट्रम्प प्रशासन नै हो । संरा अमेरिका संसारको आतङ्ककारी देश हो ।"

कार्यक्रममा नेपाल क्रान्तिकारी महिला सङ्घ केन्द्रीय सहसचिव लक्ष्मी पुनमगरले समाज दुई वर्गमा विभाजन रहेकोले कामदारवर्गको हित समाजवादी व्यवस्थामा हुन्छ भन्नुभयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टी कैलाली सदस्य देविसरा जैशीले मतदातालाई नेमकिपाले वर्गीय राजनीतिलाई अगाडि बढाउन जोड दिँदै आएको बताउनुभयो ।

# दैलेखको महाबुमा आठौँ गाउँ सम्मेलन

दैलेख, १३ वैशाख । नेपाल मजदुर किसान पार्टी महाबुको आठौँ गाउँ सम्मेलन शनिबार सम्पन्न भयो ।

शासक पार्टीहरूको अदुरदर्शिताकै कारण देशको आजको स्थिति उत्पन्न भएको रअमेरिकी साम्राज्यवादले विश्वमा अशान्ति फैलाएको कारण त्यसको प्रभाव नेपालमा पनि परेको बताउनुभयो ।

नेमकिपा दैलेख जिल्ला अध्यक्ष जगत वलीले समाजमा जबसम्म धनी र गरिब रहन्छ तबसम्म शोषण कायम हुने भएकोले वर्गसङ्घर्षलाई अगाडि बढाउनुपर्ने र त्यसको लागि कामदार वर्ग सचेत र सङ्गठित हुनु जरूरी छ भन्नुभयो ।

कार्यक्रममा बमबहादुर सिंह, धर्मप्रसाद चौलागाईँ, दुर्ग थापा, उजीरसिं बुढा र भगीराम थापाले पनि बोल्नुभएको थियो ।

***इरानले.....***

परिवर्तनबारे समेत बहस भइरहेको छ । यी सबै कारणले आगामी बैठक केवल आर्थिक निर्णय मात्र नभई राजनीतिक दृष्टिले पनि महत्त्वपूर्ण बन्न पुगेको छ ।

ऊर्जा सङ्कट, उच्च मुद्रास्फीति, रोजगारी बजारको अनिश्चितता र राजनीतिक दबाबका कारण फेडरल रिजर्भले तत्काल ब्याजदर परिवर्तन नगरी स्थिर राख्ने सम्भावना सबैभन्दा बलियो देखिएको छ, जबकि भविष्यको दिशा भने अझै अनिश्चित रहेको छ ।

***जाँचबुझ.....***

स्थानीयहरूसँग समन्वय गरेर अवस्था नियन्त्रण गर्न गरेको प्रयास प्रदर्शनकारीहरूको बढ्दो आक्रामकता र प्रहरीमाथि केन्द्रित आक्रमणका कारण सफल भएन । साँझपख कार्यालय तोडफोड, ढुङ्गामुढा तथा लुटपाटको जोखिम विभत्स रूपमा बढेको थियो ।

तत्कालीन क्षणमा सशस्त्र प्रहरी तैनाथ भए पनि भिड बढेसँगै उनीहरू ड्युटी स्थानमा नरहेको तथा अपेक्षित सहयोग नपाएको गुनासो रह्यो । आन्दोलनमा घुसपैठ भएको पुष्टि त आफूले गर्न नसक्ने तर धारिलो हतियार, पेट्रोल बम तथा योजनाबद्ध आक्रमण शैलीका कारण यसबारे शङ्का भने जागेको छ ।

**प्रहरी प्रभाग नयाँ बसपार्कका कार्यालय प्रमुख निरीक्षक शरण विक्रम शाह :**

भदौ २३ गते असामान्य गतिविधि भएन । भदौ २४ गते दिउँसो करिब १ बजेदेखि स्थिति असामान्य हुँदै गयो । भिड उग्र दङ्गामा परिणत हुँदै पेट्रोल बमजस्ता प्रज्वलनशील पदार्थहरू प्रयोग गरी भिडले कार्यालय भवन जलाई पूर्णरूपमा क्षतिग्रस्त पारे ।

उक्त दिन सशस्त्र प्रहरी तैनाथ भए पनि असामान्य अवस्थामा उनीहरूबाट कुनै सहयोग प्राप्त नहुँदा आफूहरूले निराश र असहाय महसुस गरेका थियौँ । प्रहरी स्वयम्को मनोबल कमजोर बनाउने खालका आदेश, सशस्त्र प्रहरी र सेनाको मौनताले प्रहरीमात्र आरोप प्रहारको बिन्दुमा पर्ने अवस्था आएको हो ।

## होडिङ्ग बोर्डमार्फत विज्ञापन गर्दा के गर्ने ?

विज्ञापन (नियमन गर्ने) ऐन,२०७६ अनुसार,

- होर्डिङ्ग बोर्ड राख्न र त्यसमा विज्ञापन गर्न स्थानीय तहबाट अनुमति लिनुपर्ने,
- अनुमतिपत्रको लागि सम्बन्धित स्थानीय तहको कार्यालयमा निवेदन दिनुपर्ने,
- स्थानीय तहले प्रचलित कानून बमोजिम मनासिव देखेमा अनुमतिपत्र दिनुपर्ने,
- अनुमति दिंदाकै समयमा राजश्व संकलन गर्ने,
- अनुमतिको अवधि समाप्त भएपछि त्यस्तो होडिङ्ग बोर्ड हटाउनुपर्ने ब्यवस्था छ।

त्यसैले अनुमति प्राप्त गर्न:

- स्थानीय तहमा निवेदन दिऊँ,
- अनुमतिपत्र प्राप्त नगरी होर्डिङ्ग बोर्ड नराखौं वा राख्न नदिऔं,
- अनुमति प्राप्त नगरी राखिएका होर्डिङ्ग बोर्ड तत्काल हटाऔं,
- अनुमति प्रदान गर्दा अनुमति शुल्क, बहाल वा बहालकर, विज्ञापन कर लिने गरौं

नेपाल सरकार
विज्ञापन बोर्ड

बाह्य विज्ञापनलाई स्थानीय तह र प्रदेश सरकारको आम्दानीको स्रोत बनाऔं

***१८४८...***

ठुलो र बाँझो जग्गाले भरिएका थिए । खेती, बन्द व्यापार र खानीको विकास भइरहेको थियो । बाहिरबाट त्यहाँ गएका मजदुरहरूले काम-माम पाउन थाले । ती ठाउँमा सक्रिय मजदुर कार्यकर्ताहरू पनि गए । त्यसले गर्दा मजदुरवर्गमा काम गर्ने कार्यकर्ताहरू कम हुन गयो । पुँजीपतिहरूको घुस खाने मजदुर नेताहरूको गतिविधि बढ्यो । अर्को एउटा मुख्य कुरो, त्यसबेला बेलायतमा कुनै लडाकु क्रान्तिकारी राजनीतिक पार्टी थिएन ।

मजदुरवर्गमा राजनीतिक गतिविधिको अनुभवको कमी थियो । त्यसो हुँदा आन्दोलनभित्र अनेक विरोधी तत्त्व घुस्न पुगे । तिनीहरूले जाली हस्ताक्षर गराएर आन्दोलनलाई समेत बदनाम गराए । एक-आपसमा फुटाउने र जुधाउने काम पनि गर्दै गए । राजनीतिक चेतना र गतिविधिको अभावले गर्दा बेलायतको मजदुरवर्गमा आलोचनात्मक दृष्टिकोणको विकास भइसकेको थिएन ।

बेलायती मजदुरहरूको 'मागपत्रका आन्दोलन' असफल हुनुका कारणहरू यिनै हुन् । फेरि सन् १८५२ तिर बेलायतले अलि-अलि बाधा भोग्दै उल्लेखनीय आर्थिक प्रगति गऱ्यो । त्यस प्रगतिले पुँजीपतिवर्गलाई विदेशका जनता चुसेर ल्याएको नाफाबाट मजदुरको केही ज्याला बढाउन सफल भयो । यी सबै कारणले गर्दा बेलायती कामदारवर्गको त्यो आन्दोलन बिस्तारै सेलाएर गयो ।

**मागपत्रको आन्दोलनको महत्त्व**

बेलायतका मजदुरहरूको मागपत्रको आन्दोलन असफल भए पनि त्यस आन्दोलनको ठुलो महत्त्व थियो । त्यस आन्दोलनका केही कमजोरीहरू भए पनि संसारमा यसको ठुलो प्रभाव परेको थियो । यसले बेलायतका व्यापक मजदुरलाई आन्दोलनमा भाग लिन लगाएको थियो । साँचो अर्थमा त्यो जनआन्दोलन थियो । राजनीतिकरूपले त्यो सर्वहारावर्गको आन्दोलन थियो ।

त्यस आन्दोलनबाट सबै सामन्ती र पुँजीपतिवर्गको विरोधमा मजदुरवर्गले स्वतन्त्र किसिमबाट राजनीतिक सङ्घर्ष गर्न सिके ।

यस आन्दोलनमा मार्क्स र एङ्गेल्सको प्रभाव परेका समाजवादीहरू पनि थिए । तिनीहरूले माग पूरा गर्न निर्णायक वा छिनोफानो हुने गरी सङ्घर्ष गर्न बल दिएका थिए । तिनीहरूले 'अरू देशका क्रान्तिकारी मजदुरहरूसँग पनि एक हुनुपर्छ' भनेर जोड दिएका थिए ।

सन् १८४७ मा यस आन्दोलनका आन्दोलनकारीहरूले स्वास्नीमानिसहरू र केटाकेटीलाई १० घण्टामात्रै काम गराउनुपर्ने माग गरेका थिए । तर, आन्दोलनको दबाबले पछि पुँजीपतिवर्गले लोग्नेमानिसलाई समेत १० घण्टाको कामको समय तय गऱ्यो । त्यस आन्दोलनबाट मजदुरहरूले यस्तै अरू सानातिना सहुलियत पाए र आन्दोलन गर्न सिके । त्यसले बेलायत र संसारको मजदुर आन्दोलनलाई बाटो देखाएको थियो ।

त्यो बाटो हो । व्यापक मजदुरवर्ग एक भएर आफ्नो वर्गको निम्ति राजनीतिक सङ्घर्ष गर्नु, शोषकवर्गको विरोधमा सर्वहारावर्गको स्वतन्त्र राजनीतिक आन्दोलन गर्नु र संसारभरिका मजदुरहरूसँग एक हुनु । यो नै बेलायतका मजदुरहरूको 'मागपत्रको आन्दोलन' को महत्त्व र शिक्षा हो ।

'मागपत्र' को आन्दोलनलाई अङ्ग्रेजीमा 'चार्टिस्ट' आन्दोलन भनिन्छ । मागपत्रको आन्दोलन नै मजदुरवर्गको स्वतन्त्र राजनीतिक पार्टीको बीउ थियो ।

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा